# नयाँ सन्दर्भ साप्ताहिक

**Naya Sandarbha Weekly**



**सबैको रोजाई**

मेची अञ्चल मै एक मात्र
सबै रोगहरुको भरपर्दो उपचारका लागि
अत्याधुनिक उपकरण जडित
विश्वसनीय चिकित्सकहरु भएको
चिकित्सा प्रतिष्ठान
अध्यक्ष : गोपालकुमार बस्नेत

**विर्तासिटी हस्पिटल**
विर्तामोड, झापा



वर्ष : २५ अंक : २७ पृष्ठ ६ भद्रपुर वि.सं. २०७७ फागुन २ *(February 14, 2021)* नेपाल सम्वत ११४१ मुल्य : रु.१०।-


### अदालतले संविधान पालना गरे

# संसद पुनर्स्थापना हुन्छ : सिटौला

**– सन्दर्भ समाचारदाता**

भद्रपुर । नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौलाले अदालतले संविधानको अक्षरशः पालना गर्ने हो भने संसद पुनर्स्थापना भएरै छाड्ने विश्वास ब्यक्त गरेकाछन् । नेपाली कांग्रेसका पूर्व सभापति तथा संविधानका पिता सुशिल कोइरालाको छैटौं स्मृतिसभालाई जिल्ला पार्टी कार्यालय विर्तामोडमा सोमबार सम्बोधन गर्दै सर्वोच्च अदालतले संसद पुनर्स्थापना नगरे नेपालको राजनीतिक क्षेत्रमा गडबडी उत्पन्न हुन सक्ने आशंका ब्यक्त गरे ।

सरकारका नियुक्ति र लाभका पदमा दलीय दृष्टिकोण रहेपनि संविधानको ब्याख्या गर्ने कुरामा न्यायमूर्तिहरुले विवेक पुऱ्याउने विश्वास ब्यक्त गर्दै संविधान मस्यौदा समितिका सभापति समेत रहेका सिटौलाले भने-'अदालतले फैसलापछिको परिणाम, जनमत, संविधानको मूल्य, मान्यता र भावनाको समेत ख्याल गर्नेमा म ढुक्क छु , न्यायमूर्तिहरु प्रधानमन्त्रीको पाउमा लम्पसार पर्ने छैनन् ।'

नियुक्ति गरेकै भरमा न्यायिक प्रक्रिया पक्षपातपूर्ण नहुने उदाहरण प्रस्तुत गर्दै सिटौलाले भने-'अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले नियुक्त गरेका न्यायधीसहरुले ट्रम्पको मुद्धालाई खारेज गरिदिए, विश्वका लोकतान्त्रिक देशमा यस्ता थुप्रै उदाहरण छन् ।'

राज्यकोषको रकम कार्यकर्तालाई बाँडेर आन्दोलनमा सहभागी गराउने के.पी. ओलीको प्रवृत्तिलाई



पञ्चऱ्यालीको संज्ञा दिदै नेता सिटौलाले श्री ३ राणा महाराजहरुकै शैलीमा तानाशाही र हुकुमी शासनको अभ्यासमा लागेको आरोप लगाए संविधान विपरित संवैधानिक परिषदहरुको नियुक्ति ओलीको हुकुमी शासनको प्रारम्भिक चरण भएको उनको भनाई छ। प्रतिनिधिसभा विघटन अगाडि देशब्यापी विरोध प्रदर्शनमा रहेका राजावादीहरु अहिले मौन रहनु र ती प्रदर्शनका धेरै सहभागी ओलीले गरेका आमसभाहरुमा सहभागी हुनुले राजावादी र ओलीबीच साँठगाँठ त छैन ? भन्ने आशंका समेत उत्पन्न भएको उनले बताए ।

देश र जनताको हितका लागि कांग्रेस कहिल्यै नथाक्ने उद्घोष गर्दै नेता सिटौलाले विधिको शासन, लोकतन्त्रको संस्थागत विकास र समृद्धिका लागि सदा क्रियाशील रहन कार्यकर्तालाई आह्वान गरे ।

झापाकै स्थायी बासिन्दा प्रधानमन्त्री के.पी. ओलीले संविधान विपरित प्रतिनिधिसभाको विगठन गरेर गरेको गलूतीलाई झापाली जनताको बलियो दवावबाटै सच्याउन बाध्य बनाउनुपर्नेमा नेता सिटौलाले जोड दिए ।

वैशाखमा निर्वाचन घोषणा गरेका प्रधानमन्त्रीकै गतिविधिले निर्वाचन हुन नसक्ने संकेत गरेको उल्लेख गर्दै उनले असारपछि संवैधानिक संकट सिर्जना हुने र त्यसपछिको आन्दोलन राष्ट्रपतितर्फ केन्द्रित हुने तथा अन्ततः २०६२/०६३ को आन्दोलनले स्थापित गरेको संघीय लोकतान्त्रिक गणतन्त्रमाथि नै संकट उत्पन्न गराउने खेलमा ओली संलग्न रहेको आशंका विभिन्न कोणहरुबाट उठिरहेको बताए ।

नेपाली कांग्रेस झापाका सभापति उद्धव थापाको अध्यक्षतामा सम्पन्न स्मृतिसभामा केन्द्रीय सदस्यहरु सरिता प्रसाई, दिलिप राई, पूर्व सांसद डिल्ली सिटौला लगायत अग्रज नेता, कार्यकर्ताको सहभागिता रहेको थियो ।

**ओलीले सरकारमा बस्ने नैतिकता गुमाएको सिटौलाको आरोप**

नेपाली काँग्रेसका नेता कृष्णप्रसाद सिटौलाले प्रधानमन्त्री केपी ओलीले नागरिकको अधिकार अतिक्रमण गरेको भन्दै अधिकार नफर्कदासम्म काँग्रेस चुपलागेर नबस्ने बताएका छन् ।

विगतको संविधानले संसद विघटन गर्ने अधिकार दिँदा शासकीय व्यवस्था नै समाप्त भएर नागरिकले सास्ती व्यहोर्नु परेको स्मरण गर्दै वर्तमान संविधानले प्रधानमन्त्रीलाई विघटनको अधिकार नदिएको जिकिर गरेका सिटौलाले स्थीर संसद विघटन गर्ने ओलीको कदम नागरिकको अधिकार अतिक्रमण भएकोले काँग्रेस सडकमा आएको प्रष्ट पारेका हुन् ।

देश र जनताका पक्षमा काम गर्न नसकेको सरकार कम्युनिस्ट पार्टीका लागि मात्र चर्तिकला भएको बताउँदै संविधान मस्यौदा समितिका सभापति समेत रहेका सिटौलाले विश्व राजनीतिमा नभएको अराजकता देखाउँदै ओलीले राज्य दोहन गरी सडक कब्जा गरेर दुनियाँ हँसाएको जनाए ।

नेपाली काग्रेसका प्रभावशाली नेता समेत रहेका सिटौलाले विगतका राजा महाराजाको शैलीमा ओलीको सनक फैलने प्रयासमा रहेकाले व्यवस्था जोगाउन पनि वडा स्तरसम्म काँग्रेसको जागरण अभियान सञ्चालन गरिएको उल्लेख गरे । उनले वर्तमान संविधानमै नभएको प्रावधान सही हो भनेर ओली सरकार पक्षधरले पुष्टि गर्न नसकेको भन्दै राजनीतिक अस्थिरता निम्तने संसद विघटन अदालतले खारेज गने ' विश्वास समेत व्यक्त गरेका छन् ।

तीन वर्षे कार्यकालमा देश र जनताको उन्नति हुने काम गर्न नसकेका ओलीले नेकपाको नेता समेत हुन नसकेर आफ्नो रीस संसदमाथि पोखेको आरोप लगाउँदै सिटौलाले प्रधानमन्त्रीमा बस्ने नैतिकता केपी ओलीसित नरहेको बताए ।

## इलामको चपेटीमा प्रेस युनियनको बनभोज

**–सन्दर्भ समाचारदाता**

भद्रपुर । नेपाल प्रेस युनियनको माइपश्चिम क्षेत्रीय समिति दमकले यसवर्ष पनि पारिवारिक वनभोजको कार्यक्रमलाई निरन्तरता दिएको छ। दमककै उत्तरी क्षेत्र इलामको चुलाचुलीस्थित पर्यटकीय स्थल चपेटीमा शुक्रवार अघिल्ला वर्ष झै यसवर्ष पनि जिल्

**बाँकी पृष्ठ ४ मा**



## प्रतिगमनका विरुद्ध झापाली संचारकर्मी सडकमा

**– सन्दर्भ समाचारदाता**

बिर्तामोडा । प्रतिगमनका विरुद्ध मुलुकमै पहिलो पटक झापाली संचारकर्मी सडकमा ओर्लिएका छन् । नेपाल प्रेस युनियन झापा र प्रेस संगठनको ब्यानरमा झापाली सञ्चारकर्मीले प्रधानमन्त्रीको असंवैधानिक र अलोकतान्त्रिक निर्णयको चकी आलोचना गरे ।

लोकतान्त्रिक गणतन्त्र जिन्दावाद, असंवैधानिक कदम तुरुन्त सच्याऊ, प्रतिगमन मुर्दावाद लगायतका नारासहित विर्तामोड परिक्रमा गरेका पत्रकारले तानाशाह सपना नदेख्न प्रधानमन्त्री ओलीलाई सचेत गराए । नेपाली सञ्चारकर्मीले हरेक राजनैतिक परिवर्तनमा दर्विलो र ऐतिहासिक योगदान पुर्याएको स्मरण गरेका पत्रकारले झापाबाट थालिएको आन्दोलन देशव्यापी हुने विश्वास व्यक्त गरे । अहिले पनि केही व्यक्तिलाई प्रधानमन्त्रीले गरेको कदममा अलमल र भ्रम रहेको बताउँदै झापाली सञ्चारकर्मीले द्धुविधामा नपरी आन्दोलनमा ओर्लन आग्रह गरे ।

विर्तामोडस्थित दुर्गामन्दिर परिषरबाट शुरु भएको ऱ्याली विर्तामोडको परिक्रमा पछि सोही




ठाउँमा आएर कोणसभामा परिणत भएको थियो । कार्यक्रममा नेपाल पत्रकार महासंघ झापाका पूर्वसभापति कृष्ण हुमागाँईले प्रधानमन्त्री केपी शर्मा ओलीलाई मदारीले नचाएको बाँदरको संज्ञा दिए । लोकतन्त्रका शासक पनि निरंकुसतन्त्रका शासक जस्तै हुने र त्यही बाटोमा ओली हिंडेको बताउँदै लोकतन्त्रमा त्यस्ता शासकलाई जनताले साथ नदिने धारणा राखे ।

नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष तारामणी सापकोटाले आन्दोलनप्रति ऐक्यवद्धता जनाउँदै प्राप्त परिवर्तनको रक्षाका लागि पत्रकार र नागरिक समाजले अग्रणी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए । आफ्नै गृह जिल्लाका प्रधानमन्त्री भएर पनि गर्व गर्न नसकिने काम गरेका कारण पत्रकारहरु सडकमा उत्रिनु परेको उनको भनाई थियो । प्रेस संगठनका

**बाँकी पृष्ठ ६ मा**





**भद्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**भद्रपुर (झापा) प्रदेश नं. १ को**

**जनहितमा जारी सूचना**

- मिसावट गरिएका, सडेगलेका तथा अस्वास्थकर खानेकुरा नखाऔं ।
- सडक तथा सार्वजनिक स्थानमा छाडा रुपमा चौपायाहरु नछोडी सभ्य नागरिकको पहिचान दिऔं ।
- सडक तथा पेटी-किनारमा आवगमनमा अवरोध हुने गरी निर्माण सामग्री नराखौं ।
- बालबालिकालाई काममा होइन, विद्यालय पठाऔं ।
- सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।
- आफ्नो घर वरपर विरुवा रोपी हरित नगरीको रुपमा विकास गरौं ।

**अर्जुनधारा नगरपालिकाको कार्यालय**
**शनिश्चरे (झापा) प्रदेश नं. १ को**

**जनहितमा जारी सूचना**

- मिसावट गरिएका, सडेगलेका तथा अस्वास्थकर खानेकुरा नखाऔं ।
- सडक तथा सार्वजनिक स्थानमा छाडा रुपमा चौपायाहरु नछोडी सभ्य नागरिकको पहिचान दिऔं ।
- सडक तथा पेटी-किनारमा आवगमनमा अवरोध हुने गरी निर्माण सामग्री नराखौं ।
- बालबालिकालाई काममा होइन, विद्यालय पठाऔं ।
- सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।
- आफ्नो घर वरपर विरुवा रोपी हरित नगरीको रुपमा विकास गरौं ।






श्री ..............................................................................................., ठेगाना ...........................................



### डा. लिली राजवंशी सम्मानित

# एमविविएस र एमडी गरेकी प्रथम राजवंशी महिला



– सन्दर्भ समाचरदाता

गौरीगंज । स्वास्थ क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएको भन्दै डा. लिली राजवंशी सम्मानित भएकी छन् । मुलधार महिला सेवा केन्द्र उदयपुरले 'चेलिबेटी सशक्तीकरण सम्मान २०७७' बाट डा. राजवंशीलाई सम्मानित गरेको हो ।

मुलधार महिला सेवा केन्द्र उदयपुरको तेस्रो राष्ट्रिय वेटी सम्मेलन २०७७ हेटौडामा सम्पन्न कार्यक्रममा बाग्मती प्रदेशका मुख्य मन्त्री मा. डोरमणी पौडेलले राजवंशी समुदायको प्रथम महिला चिकित्सक भई स्वास्थ्य क्षेत्रमा उल्लेखनिय योगदान पुऱ्याएकोले उनलाई सम्मानित गरेको बताए ।

समानता, समावेशी र मानवअधिकारका लागि आसनमा महिला, भाषणमा महिला, शासनमा महिला, महिला लैङ्गिक विभेद र बालिका बलात्कार गर्नेलाई फाँसी देउ भन्ने मुल नाराका साथ हिमाल, पहाड र तराईका ३ दिने चेलीवेटी सशक्तीकरण राष्ट्रिय सम्मेलन माघ २७, २८ र २९ गते सम्म हेटौडामा सञ्चालन भएको थियो ।

डा. राजवंशीले स्वास्थ्य क्षेत्रमा १५ हजार भन्दा बढी नागरिकको सफलता पुर्वक शलूयक्रिया गरेकी छन् । डा . लिली, आदिवासी जनजाती अतिसिमान्तकृत राजवंशी महिलामा पहिलो पटक एम.वि.वि.एस र एमडी गरेकी हुन् ।

# भट्टको हत्याको बिरोधमा प्रदर्शन

– सन्दर्भ समाचरदाता

बिर्तामोड । प्रधानमन्त्री केपी शर्मा ओलीको गृहजिल्ला झापामा, भागरथी भट्टको हत्यारालाई तत्काल कानुनको दायरामा ल्याउन मागसहित युवाहरुले प्रदर्शन गरेका छन् । मञ्जुश्री असहाय संरक्षण केन्द्र झापाले बिर्तामोडको मुक्ति चोकमा बिहीबार दिउँसो मौन ऱ्याली प्रदर्शन गरेका हुन् । सहभागीहरूले निधार र मुखमा कालो पट्टी बाँधेर प्रदर्शन थिए ।

प्रदर्शनकारीहरुले भागरथीको हत्यारालाई कारबाही गर, भागरथीलाई न्याय दे सरकार, बलात्कार एक सामाजिक जघन्य अपराध हो, अपराधीलाई मारी दे, फाँसी दे, काटी दे, हाम्रो छोरी चेली निर्धक्क हिँड्ने वातावरण बनाइदेऊ सरकार भन्ने प्लेकार्ड बोकेका थिए ।



सहभागीहरूले भागरथी भट्टको आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली समेत अर्पण गरेका थिए । माघ २१ बैतडीको दोगडा केदार गाउँपालिका-७ की १७ वर्षीया भट्टको स्थानीय लवलेक सामुदायिक वनमा हत्या भएको थियो। अस्पतालको पोस्टमार्टम रिपोर्टका अनुसार उनको बलात्कारपछि घाँटी निमोठेर हत्या गरिएको पुष्टि भइसकेको छ। नौ दिनअघि हत्या भएकी भट्टको विषयमा प्रहरीले सूक्ष्म अनुसन्धान गरिरहेका छन। तर, अहिलेसम्म अपराधी पत्ता लागेको छैन ।

# चार दलको मोर्चाद्वारा आन्दोलनको घोषणा

काडमाण्डौं । सरकारले प्रतिवन्ध लगाएको नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीसहित चार राजनीतिक दलले १५ सदस्यीय रणनीतिक संयुक्त मोर्चा घोषणा गरेका छन् । मोर्चाले सरकारविरुद्ध माघ २९ देखि फागुन १८ गतेसम्मका संघर्षका कार्यक्रम पनि सार्वजनिक गरेको छ ।




जसमा फागुन ६ गते बुटवल, १४ गते धनगढी र १८ गते इटहरीमा जनसभा गर्ने मोर्चाले जनाएको छ । मोर्चामा विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी, मोहन वैद्य नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी), ऋषिराम कट्टेल नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी र विश्वभक्त दुलाल (आहुति) नेतृत्वको वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी रहेका छन् ।

**गौरादह...**

माविकी बाल विकास शिक्षिका भगवती भण्डारीले आफुहरूलाई नगरपालिकाले अन्याय गरेको बताईन । शैक्षिक योगदानमा आफुहरूको पनि उतिकै भुमिका रहेकोले आफुहरूको तलब कटौती भएकोमा दुखेसो पोखिन ।

गौरादह नगरपालिकाका नगरप्रमुख रोहित कुमार साहले शिक्षा बजेटमा कटौती भएको स्वीकार गरेका छन् । कोरोना संक्रमण र उपचारमा थप बजेट खर्चिनु पर्ने बाध्यतात्मक परिस्थितिका कारण शिक्षा शीर्षक बजेटमा कटौती गर्नु परेको नगर प्रमुख साहले बताए । नगरको शैक्षिक गुणस्तरमा नगरपालिका सजक रहेको बताउँदै शिक्षामा नगरपालिकाको छैठो नगर सभाबाट १ करोड ८६ लाख रूपैयाँमा छुट्याएको जानकारी गराए । कोरोना भाईरसको महामारीले वजेटको कार्यान्वयनमा चुनौती थपिएको नगर प्रमुख साहको भनाई थियो ।

**पुरस्कारको....**

मिडटाउनकी प्रेसिडेन्ट रेनु बंशल, एडीडर जुनु विमली उप्रेती , वोर्ड मेम्वर लुना वस्नेत ,रेनु गोयल, वर्षा राजभण्डारीलगायतले ह्वीलचेयर प्रदान गरेका थिए । ह्वीलचेयरको अभावमा कष्टपूर्ण जीवन गुजार्दै आएकी गुरुङको अवस्थालाई मध्यनजर गर्दै ह्वीलचेयर प्रदान गरिएको इनरह्वील क्लव अफ बिर्तामोड मिडटाउनकी प्रेसिडेन्ट बंशलले बताइन् ।

नेपाल उद्यमशील महिला संघकी अध्यक्ष पार्वता खरेल विमलीको आतिथ्यमा भएको कार्यक्रममा सुस्त मनस्थिति सरोकार समाज नेपालकी अध्यक्ष भागिरथा चापागाईं पोखरेलले बौद्धिक अपाङ्गता भएकी गुरुङलाई ह्वीलचेयर प्रदान गरेर इनरह्वील क्लव अफ बिर्तामोड मिडटाउनले ठूलो गुन लगाएको बताइन् ।

**प्रतिगमनका...**

प्रदेश-१ अध्यक्ष राजन केडी, नेपाल प्रेस युनियन केन्द्रीय सदस्य गोविन्दचन्द्र क्षेत्री, पूर्व केन्द्रीय सदस्य लोकराज ढकाल, नेपाल पत्रकार महासंघ प्रदेश समिति सदस्य तीर्थ सिग्देल, फोनिजका प्रदेश १ इन्चार्ज दिपीन राई, प्रेस संगठन प्रदेश सदस्य सुब्रत न्यौपाने, नारी सञ्चार गृहका अध्यक्ष भीमा शिवाकोटी, सञ्चारकर्मी लीला अनमोल, इन्द्रसिंह राजवंशी लगायतले प्रदर्शनमा ऐक्यवद्धता जनाएका थिए ।

प्रेस संगठनका अध्यक्ष मुक्ति पौडेलको अध्यक्षता र नेपाल प्रेस युनियन झापाका अध्यक्ष इन्दु पूर्वेलीले गर्नुभएको थियो ।



मोडेल : पायल शर्मा

विद्यार्थी, शिक्षक, कर्मचारी
परिचय-पत्रको लागि
कम्प्युटर प्वाइन्ट चन्द्रगढी
भद्रपुर-७ (चन्द्रगढी), झापा
सम्पर्क : ०२३४५५७०६

अर्गानिक चिया पिऔं, स्वास्थ्य जीवन जिऔं
ग्रिनहिल टी हाउस
अर्गानिक ग्रिन टी — ध्यू, छुर्पी
गोल्डेन टी — अकवरे खोर्सानी
ह्वाईट टी — किवि फल, ललीपप
अर्थोडक्स टी — ग्राउन एप्पल
हामी कहाँ यी सामग्री सुपथ मुल्यमा उपलव्ध छन्
सम्पर्क : ९८५२६४६४१०, ९८४२६४६४१०
उत्पादक : ग्रिनहिल अर्थोडक्स चिया प्रशोधन उद्योग, सावेजुङ-४, इलाम




उत्पादक
मनसा साई फुड्स प्रा. लि.
मेचीनगर-१४, झापा नेपाल

विविध जातका फूलका विरुवा तथा विउविजनका लागि हामीलाई सम्झनुहोस् ।
न्यू उदेश नर्सरी
भद्रपुर-८, झापा



निर्माण जगतमा
मजबुद नाम
मनषा सिमेन्ट




विर्तामोड नगरपालिका
विर्तामोड (झापा) प्रदेश नं. १ को
जनहितमा जारी सन्देश
"पूर्वाधार नगर, विषादिरहित कृषि र व्यवसायको अभिवृद्धि सभ्य र स्वास्थ्य नागरिक विर्तामोड नगरपालिकाको समृद्धि"
- सडकको अधिकार क्षेत्रभित्र निर्माण सामग्री नराखौं ।
- घर निर्माण गर्दा इजाजत लिएरमात्र निर्माण कार्य शुरु गरौ
- भवन निर्माण गर्दा नगरपालिकाले स्वीकृत गरेको मापदण्डभित्र कम्तीमा २ वटा विरुवा रोपण गरौं । जग्गा खण्डीकरण गर्दा नगरपालिकाको पूर्व स्वीकृत लिनु अनिवार्य छ ।



निर्माण जगतमा
एक मजबुद शक्ति
ने.गु.नं. ३८५



ISO 9001:2008
Reg. No. RQ977/6760
गोरखकाली सिमेन्ट
AN ISO 9001:2008 CERTIFIED COMPANY

नेपाल स्वर्णकला भवन
भद्रपुर-६ (झापा)
फोन नं. : ०२३-५२०३५९
झापाको एक मात्र २४ क्यारेटको रसायन बिनाको गहनाको लागि
म्यानेजिङ डाइरेक्टर सुभाषरत्न शाक्य
यहाँ हरेक डिजाइनका सुन र चाँदीका गहनाहरु ग्यारेन्टीका साथ बनाइन्छ ।
बिहिबार पसल बन्द रहने छ ।

ओम साई पाथीभरा हस्पिटल प्रा.लि.
भद्रपुरमा अब थप नयाँ सेवासहित
❖ल्याप्रोकोपी सर्जरी सेवा ❖स्त्री तथा प्रसुति रोग विशेषज्ञ सेवा ❖नाक, कान तथा घाँटी रोग विशेषज्ञ सेवा :
❖फिजिउसियन विशेषज्ञ सेवा ❖दन्त रोग विशेषज्ञ सेवा :
❖डायलाईसिस सेवा र डायलाईसिस गर्नु पर्दा लगाईने फिस्टुला सेवा ❖ बाल तथा नवजात शिशुरोग विशेषज्ञ सेवा ❖ मानसिक तथा स्नायुरोग विशेषज्ञ सेवा ❖ छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ सेवा ❖ भिडियो एक्स-रे सेवा ❖ मुटुको ईसीजी तथा ईको कार्डियोग्राफी सेवा ❖ पेटको ईण्डोस्कोपी सेवा
फिजियोथेरापी सेवा ❖ एसी क्याबीन तथा जनरल क्याबीन रुम सेवा
चौबिसै घण्टे सेवा : इमरजेन्सी सेवा, सिटी स्क्यान सेवा, डिजिटल एक्स-रे सेवा, प्याथोलोजी (ल्याब) सेवा, फार्मेसी सेवा, एम्बुलेन्स सेवा
भद्रपुर-९, सगरमाथा चौक, झापा, फोन नं. : ०२३-४५६५८१, ४५६९८१ मो. नं. : ९८५२६७८८२०

नयाँ सन्दर्भ साप्ताहिक । प्रकाशक तथा सम्पादक : गोविन्द चन्द छेत्री ९८४२६३७०८४ । कार्यकारी सम्पादक : द्रोण अधिकारी ९८४२६२८७९१ । कार्यालय : भद्रपुर-८, झापा, ०२३५२००९३
सह-सम्पादक : विगम श्रेष्ठ ९८०४९१६३२१। कम्प्युटर:अलिसा श्रेष्ठ । वेनाम सुब्बा । Email : nayasandarva@gmail.com मुद्रण राजु अफसेट प्रिन्टीङ् प्रेस, बुद्धशान्ति

# सम्पादकीय

## ओलीवादले निर्वाचनको वातावरण बन्ला त ?

प्रधानमन्त्री केपी ओलीको अहमको परिणाम देश अस्थिर राजनीतिक बाटोतिर हिड्ने संकेत देखिदैछ । दलीय व्यवस्थामा दलहरू बीच सहमतीको वातावरण नभई निर्वाचन संभव देखिदैन । नेपालको राजनीतिले अहिलेकै अवस्थामा सुधार नगर्ने हो भने तोकिएको मितिमा चुनाव हुन नसक्ने निश्चित छ । विगतमा शाह राजाले घोषणा गरेजस्तो शैलीमा ओली सरकारको घोषणाले मात्र निर्वाचनको वातावरण बन्न सक्दैन । पशुपतिमा भाकल गरेर निर्वाचनको माहौल बन्ने भए सडकमा तमासा देखाउनु पर्ने थिएन होला । चीनले कानुन व्यवस्था कायम गर्न गोलीगठ्ठा, भारतले चुनाव गराउने कर्मचारीका लागि गाडी एवं मत खसाल्ने बाकस तथा पश्चिमाहरूले सरकारका साथै सबै खाले उम्मेदवारलाई मनग्गे आर्थिक सहायता उपलब्ध गराइदिने वचन दिँदैमा निर्वाचनको माहौल बन्न सक्दैन । निर्वाचन हुन दलहरू एक मत भएर मैदानमा जाने वातावरण बनिनु पर्दछ । देशको कार्यकारी अधिकार लिएका प्रधानमन्त्रीले निर्वाचनको वातावरण तयार पार्न अभिभावकीय भूमिका निर्वाह गर्न सक्ने क्षमता देखाउनु पर्छ । तर, अहिलेसम्म प्रधानमन्त्री सडक कब्जा गर्न र आफ्ना विरोधी दबाउन व्यस्त देखिन्छन् । यस कार्यले आफैँले घोषणा गरेको मितिमा निर्वाचन सम्पन्न गर्न ओली इमान्दार छैनन् भन्ने संकेत गरिरहेको छ ।

प्रतिनिधिसभा विघटनको औचित्य पुष्टि गर्न ओली नेतृत्वको नेकपाले सकिरहेको छैन । चुनाव त इराकमा सद्दाम हुसैनले पनि गराउँथे र तीनचौथाइभन्दा बढी मतले आफ्नो निरन्तरता सुनिश्चित गराउने गर्थे । मूल कुरा निर्वाचन केका लागि गराउने भन्ने अहिलेको प्रश्न हो । संकटग्रस्त राजनीतिमा निर्वाचन द्वन्द्व निरूपणको प्रक्रिया हुनु पर्छ तर, अहिले सहमतिलाई अस्वीकार गरेर आफ्नो सनकलाई जवरजस्ती वैधानिकता प्रदान गर्ने माध्यम बनाउन ओली लागि पर्नुले निर्वाचनको नाटक भन्ने अवस्था आएको छ । वर्चस्ववादी समूहको सत्तालाई स्वीकार्यताको आवरण प्रदान गर्ने चुनाव अहिलेको आवश्यकता होइन । पञ्चायतको चुनाव आवधिक नियमितताका साथ भइरहन्थ्यो । त्यस्तो प्रयोग पुनः गर्ने सपना ओली सरकारको हो कि ? उनले पराजयको मुख च्यातेर आफ्नो जित सुनिश्चित गर्न सक्ने राजनीतिक बाजिगर हुन चाहेका त होइनन् ? ओलीले 'पञ्च च्याली' प्रकृतिको आयोजनका लागि दरबार मार्गलाई नै छनोट गरेको अकारण थिएन । संग्रहालय भइसकेको नारायणहिटी दरबारसँग प्रतीकात्मक आकर्षण गाँसिएको छ । 'नव-पञ्च च्याली' आयोजन उनको शक्ति प्रदर्शनसँगसँगै आफ्ना वैचारिक समर्थकहरूप्रति दर्साइएको कृतज्ञता भाव पनि थियो । यसखाले प्रपञ्चले निर्वाचनको वातावरण बन्छ त ? जनताले ५ वर्षका लागि स्थीर राजनीतिक वातावरणका लागि नेकपा नामक गठबन्धनलाई अपूर्व मत जाहेर गरेका थिए । जुन गठबनधनको नेतृत्व स्वयम ओलीले लिएका थिए तर ३ वर्ष पूरा हुँदा नहुँदै संसद विघटन गर्ने काम नेकपाका लागि आत्मघाती कदम हो । परिणाम स्वरूप नेकपा तीन टुक्रामा छरिएको छ । ओली, माधव–प्रचण्ड र वामदेवको टुक्रे राजनीति नै नेकपाको परिचय बनेको अवस्था छ । यस्तो रून्चे हाँसोमा रहेको नेकपा सरकारको प्राथमिकता निर्वाचन हुन सक्ने पक्कै होइन । ओलीले निर्वाचनको भूत देखाएर सत्तारोहणमा समयावधी बढाउन चाहेको बाहना हुन सक्छ । त्यसैकारण होला ओली सडकबाट आफ्नो शक्ति देखाउँदै सत्ता बिरोधी तर्साउन लागेका हुन् । निर्वाचनका लागि दलीय अस्तित्व स्वीकार्न उनलाई फुर्सद छैन किनकी आफैँले तोकेको समयमा निर्वाचन गर्नु नै छैन ।

### अयोध्या र जनकपुरधामकावीच

# नेपाल भारतको जुन सीमा छ, त्यो पहिले थिएन



–माधव आचार्य

**रक्ताम्भोज दलाभिराम नयनं पितामम्वरालंकृतम्**
**श्यामांङ्ग द्विभुजं प्रसन्नवदनं श्री सीतया शोभितम् ।**
**कारुण्यामृत सागरं प्रिय गणैर्भ्रात्रादिभि र्भावितम्**
**वन्दे विष्णु शिवादि सेव्यमनिशं भक्तेष्ट सिद्धि प्रदम् ।।**
**– श्रीराम चरित मानस ।**

सत्य युगको कुरा हो । विष्णु भगवानसँग दुर्वाषा ऋषिको गोप्य वार्ता चलिरहेको थियो । भगवानका पार्षद जय र विजयलाई ढोकाबाट कसैलाई पनि छिर्न नदिनु भन्ने भगवानको आज्ञा थियो । त्यसैबखत अत्यन्त जरुरी काम परेर चार ऋषि बालक सनक, सनन्दन, सनातन र सनतकुमार भगवान नारायणलाई भेट्न भनी आइपुगे । भगवानका पार्षद द्वयले भित्र जाने अनुमति नदिंदा बालक ऋषिहरु सनकादी कुमारहरुले श्राप दिए– तिमीहरु मर्त्यलोकमा राक्षस भएर जन्मने छौ । यो कठोर श्राप सुनेपछि भगवान नारायणका पार्षद जय विजयले विनम्र भएर प्रार्थना गरे र आफ्नो वाध्यता बताए । यसपछि ऋषि कुमारहरुलाई दया लाग्यो र दिई सकेको श्राप फिर्ता लिन नमिल्ने भएकाले मोक्षको बाटो बताई फर्के ।

मोक्षको बाटो चाहिं यस्तो थियो - त्रेता युगमा नारायण विष्णु भगवान पृथ्वीतलको अति नै पुजनीय स्थल सरयु नदीको समीप अयोध्यामा राजा दशरथ र माता कौशल्याको पुत्र रत्नको रुपमा रामावतार हुनेछ । तिमीहरु दुवै रावण र कुम्भकर्ण भएर लंकामा जन्मने छौ । रावणले सीता मातालाई हरण गरेर लंका लैजाने छ । राम र रावणको भीषण युद्धमा अयोध्याका राजा रामबाट तिमीहरुको उद्धार हुनेछ । त्यसैगरी द्वापर युगमा भगवान विष्णु बसुदेव र माता देवकीको कोखबाट कृष्णको रुपमा अवतार हुदा तिमीहरु दुवै कंश र शिशुपाल भएर जन्मने छौ र भगवान कृष्णको हातबाट तिमीहरुको उद्धार हुनेछ ।

**यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ।**
**अभ्यूत्थानम्धर्मस्य तदात्मानां सृजाम्यहम् ।।**
**परित्राणाय साधूनाम विनाशाय च दुष्कृताम् ।**
**धर्मसंस्थापनार्थाय सम्भवामी युगे युगे ।।**
**–श्रीमद्भगवद्**

**गीता**

गीतामा भगवान कृष्णले भन्नु भए जस्तै लंकाका राजा राक्षस रावणको पाप कर्म अन्त्य गरेर धर्म स्थापना हेतु भगवान श्रीरामको जन्म भएको थियो । रामायण कथा अनुसार, पराक्रमी राजा दशरथलाई बरद पुत्रका रुपमा अयोध्यामा भगवान विष्णु अंश श्रीरामले जन्म लिनु भएपछि यशस्वी राजा जनकको राजधानी जनकपुरधाममा श्री भगवती महालक्ष्मी पनि धर्ती पुत्री सीताका रुपमा अवतरित हुनुभयो ।



देवताका पनि देवता अर्थात देवाधिदेव महादेव शिवजीका अंश पर्शुरामबाट मिथिला नरेश राजा जनकलाई चिनो स्वरुप शक्तिशाली शिवधनुष प्राप्त भएको थियो । जुन धनुषलाई उचालेर ताँदो चढाउन शक्तिमाता जनक नन्दिनी सीता बाहेक आम समुदाय या राक्षस गण कसैले पनि सक्दैनथे । पूजा कोठा बढार्दा, सरसफाई र लिपपोत गर्दा सीताजीले धनुषलाई बायाँ हातले उचालेको राजा जनकले देख्नु भएको थियो । यस्तोमा राजा जनकले धर्तीमाताको वरदान स्वरुपप्राप्त भएकी पुत्री छोरी सीताको विवाहका लागि योग्य वर खोज्न स्वयम्वरको शर्त नै 'शिव धनुष उचाल्ने र ताँदो चढाउने' राख्नु भयो । रावण लगायतका एक से एक पराक्रमी वलवान राजाहरु कसैले पनि शिव धनुषमा ताँदो चढाउने त कुरै छोडौं, हल्लाउन पनि सकेनन् ।

सीता अब जीवनभर अविवाहित रहने भइन् भनेर राजा जनकलाई ठूलो चिन्ता पर्न गयो । त्यस्तो शर्त बेकारमा राखेछु जस्तो पनि मिथिला नरेश राजा जनकलाई भएको थियो । यस्तैमा विश्वामित्रको आदेश पाएर भगवान रामले शिव धनुष उचाल्नु मात्र भएन ताँदो चढाउन खोज्दा तीन टुक्रा भएर भाँच्चियो नै । त्यसमध्ये एक टुक्रा धनुषाधाममा छ । त्यसरी धनुष भाँच्चिदा पृथ्वी नै कम्पायमान हुन पुग्यो । यो थाहा पाएर रिसाउदै पर्शुराम भगवान रामसँग युद्ध गर्न समेत तम्सिनु भएको थियो । तर पछि राम स्वयम् भगवान हुन भन्ने थाहा पाएर पर्शुराम शान्त हुनुभयो । तत पश्चातसीताराम स्वयम्वर तथा विवाह धुमधामसँग सम्पन्न भयो ।

यसरी जनकपुरधाम भगवान श्रीरामको ससुराली र देवी सीताको माइतीघर तथा अयोध्या भगवान राम र देवी सीताको घर हुन पुग्यो । ससुराली र माइती भन्नासाथ हामीमा आराम र आनन्दीभाव मनमा उब्जिएर आउछ । स्वयम् साक्षात भगवान र भगवतीलाई त्यस्तो भाव आउने ठाउँ भनेपछि सनातनधर्मी हामी हिन्दूहरुका लागि जनकपुरधामको कति ठूलो महत्व रहेछ भन्ने कुरा वर्णन गर्नै सकिन्नँ । यस आधारमा पनि यो कुरो किटेर भन्न सकिन्छ- विश्वकै पवित्र भूमिहरुमा जनकपुरधाम अग्रणी स्थानमा आउछ । हिमालहरुमा सगरमाथा भने जस्तै हो । अर्थात जनकपुधामलाई देवभूमि भनेमा कुनै आपत्ति हुँदैन ।

यस्तो महान ऐतिहासिक पवित्रस्थल जनकपुरधाममा मैले पाँच दश भन्दा बढी प्रजातन्त्रका लागि पत्रकारिताको साधना गरेर बिताउन पाएकोमा धेरै भाग्यमानी ठानेको छु । भगवत कृपाले नै हुनुपर्छ भन्ने मलाई लागेको छ र जीवनका गोरेटा, जीवन खुशी, सुखी र आनन्दले नै बितिरहेको छ । उपचारको क्रममा केही वर्ष यता राजधानी काठमाण्डुमा बस्नु परेको छ । तैपनि मन भने जहिले पनि भगवान भगवती सीतारामको माइती ससुराली मै पुगिरहेको हुन्छ । यसै कारणले नै हुन सक्छ, अस्पताल धाउँदा धाउँदा थाकेको यो अवस्थामा पनि श्रीमती, छोराहरुसँग कुनै न कुनै वाहना झिकेर वर्षमा अनेक पटक जनकपुरधाममा जान्छु र राम जानकीको दर्शन गर्न पुगेकै हुन्छु । यसरी म आफ्नो मनको धोको पूरा गरी रहेको हुन्छु । अहिले पनि मेरो स्थायी बसोवास जनकपुरधाम नै हो ।

अहिले अयोध्या र जनकपुरधामका वीचमा नेपाल भारतको जुन सीमा छ, त्यो पहिले थिएन । त्यसैले मैले जनकपुरधाम र अयोध्याधाम एकै हुन भनेको हुँ । अहिले हामीलाई जनकपुरधाम जस्तो विश्व कै पवित्र स्थल धार्मिक भूमि हाम्रो राष्ट्रमा छ भन्ने जुन गौरव र हर्ष छ, त्यो राष्ट्र पृथ्वीनारायण शाहको देन हो । नेपालको सीमा त सुगौली सन्धीले पो किटेको हो । त्यसैले मैले पृथ्वीनारायण शाहको सालिक ढाल्ने अभियान चलाउदा बिरोध गरेको थिएँ ।

जनकपुरधामको गौरव त हामीलाई पहिलेदेखि नै थाहा थियो । राष्ट्रको गौरव भने पृथ्वीनारायण शाहबाट थाहा पाएका हौं । इतिहास साक्षी छ । त्यसैले मैले पृथ्वी नारायणको अपमान र अवमूल्यन गर्नुको कुनै अर्थ छैन भन्ने गरेको हूँ । पृथ्वी नारायण शाहको शालिक ढाल्नु भनेको नेपालको सीमा भत्काउनु जस्तै हो । ती अभियानकर्ताहरुले यस्तो काम नबुझेर गरेका हुन् कि निहित स्वार्थले परचक्रीको खेलौना भएर गरेका हुन् भन्ने प्रश्न अझै मेरा लागि अनुत्तरित नै छ । तर सबै अनुत्तरित प्रश्नहरुको जवाफ समयले एक दिन अवश्य दिनेछ ।

सानो सन्दर्भ जोडिन आइपुगेकाले पृथ्वीनारायण शाहका यति कुरा भएका हुन् । फेरि आफ्नो प्रतिपाद्य प्रसँग जानकी मन्दीर बखान महिमा तर्फ नै मोडिन्छु ।



स्वयम् साक्षात भगवान भगवतीको ससुराली माइती भनेपछि त्यस उताको महिमा बखान केही आवश्यक परेन । यताको इतिहासमा जानकी मन्दीरलाई नौलखा मन्दीर पनि भनिन्छ । भारतको टिकमगढकी महारानी बृषभानु दुलारी सन्तान सुख नपाएर धेरै छटपटाइ रहेकी थिइन् । जानकी माताको दर्शनबाट सन्तान सुख प्राप्त हुने सपना देखिन् । ठूलो आशा लिएर माताको दर्शन गर्न जनकपुर आइन् । त्यतिखेर सीता माताको मन्दीर सानो थियो । माताको दर्शनपछि महारानी दुलारीलाई सन्तान सुख प्राप्त भयो । हर्षले विभोर भएर ई.सं. १९११ मा फेरि जनकपुर आइन् र अहिलेको भव्य नौलखा मन्दीर निर्माण गरिदिइन् । त्यतिखेर नै यो मन्दीर बनाउन नौ लाख खर्च भएको हुनाले मन्दीरको नाम पनि नौलखा भनेर पुकारिन थालेको हो । तर जति महिमा जानकी मन्दीर नामबाट हुन्छ, त्यति नौलखा मन्दीरबाट हुँदैन ।

पहिले पनि जनकपुरधाम राम-सीताको र जानकी मन्दीरको पन्ध्र दिने पञ्चकोशी परिक्रमा गर्ने चलन थियो, जुन अहिले पनि छ । सीताजीको फूलको बगैचा जुन अहिले फुलहर नामबाट प्रसिद्ध छ, पन्ध्र दिने परिक्रमा अन्तर्गत त्यो भारतमा पर्दछ । सीताजीको विवाहमा मण्डप निर्माण गर्न मटिहानीबाट माटो ल्याइएको मान्यता छ, जुन परिक्रमा अन्तर्गत नेपालमा पर्दछ । पछि एकजना महासन्त मौनी बाबाले तिन कोशे परिक्रमा गर्ने व्यवस्था पनि स्थापित गर्नुभयो जसलाई जनकपुरधामको अन्तरगृही परिक्रमा पनि भनिन्छ ।

मिथिला महात्म्यमा जनकपुरधामको यो परिक्रमाको ठूलो महत्वका साथ उल्लेख गरिएको छ । जनकपुरको यस परिक्रमाको ऐतिहासिक महत्व भएकाले देश विदेशका हिन्दू धर्मावलम्बीहरु परिक्रमा भर्न लाखौको संख्यामा जनकपुरधाम आउने गर्दछन । नेपालमा भन्दा पनि भारतमा त त्यहाँका धर्मावलम्बीहरुले यो पन्द्रह दिने परिक्रमालाई ठूलो महत्वले हेर्ने गरेको पाइन्छ । प्रत्येक वर्ष फाल्गुण कृष्णपक्षको प्रतिपदादेखि जनकपुरधामको कचुरी भन्ने गाउँबाट पन्द्रह दिने परिक्रमाको निमित्त भगवान सीतारामको डोला उठ्दछ ।

परिक्रमाको प्रथम बास जनकपुरकै हनुमान गढी अर्थात कुवारामपुरमा हुन्छ र दोस्रो बास भारतको कल्याणेश्वरमा । रात्रीमा विश्राम गरी भोलिपल्टबाट परिक्रमाको डोला यात्रा प्रारम्भ हुन्छ । कल्याणेश्वरबाट तेस्रो वास फुलहरमा हुन्छ । यो वास पनि भारतीय भूमिमा पर्दछ । त्यो स्थानलाई त्रेता युगको सीताजीको फूलवारी मानिन्छ । सीताजीले त्यही बगैंचाबाट फूल टिपेर मनकामना भगवतीको पूजा गर्नु हुन्थ्यो भन्ने लोकोक्ति छ । सीताजीको मनोकामना भगवान रामसँग स्वयम्वर गर्ने थियो ।

त्यसैगरी चौथो वास मटिहानी, पाँचौं वास मडई, छैठौं वास ध्रुव कुण्ड, सातौ वास कञ्चन वन, आठौ वास पर्वता, नवौं वास धनुषाधाम, दशौ वास सतोखर, एघारौं वास औरही र बाह्रौ वास करुणालाई मानिएको छ । यी मध्ये करुणाचाहिं भारतीय भूमिमा पर्दछ । फेरि करुणा हुँदै कल्याणेश्वर महादेवको परिक्रमा गरी बिसौलमा मध्यान्हमा पुगी त्यही करिवरी सहित भगवान सीतारामलाई महाप्रसाद भोग लगाई रात्रीमा झाँकी समेत प्रर्दशन गरिन्छ । कतिपय परिक्रमावासी यात्रुहरु जनकपुर आउदछन् तर डोला भने त्यही बिसौल मै बास बस्दछ ।

यसरी परिक्रमावासीको तेह्रौं बास त्यहीं विसौलमा हुन्छ । मिथिला परिक्रमा चौधौं दिनको दिन प्रातकाल मै जनकपुरधाम आइपुग्छ । त्यस रात जनकपुरधामको रंगभूमिमा विश्राम गरी भोलिपल्ट अर्थात पन्ध्रौ दिनको दिन जनकपुरधामको अन्तरगृही तीन कोशे परिक्रमा घुमिसकेपछि पंञ्चकोशी परिक्रमा सम्पन्न भएको मानिन्छ । अर्थात यसरी जनकपुरधामको १५ दिने परिक्रमा पूरा हुन्छ । परिक्रमाका समयमा जुन जुन ठाउँमा बास पर्छ, ती ती ठाउँहरुमा ठूलो मेला लाग्ने गर्दछ । राम जानकीको झाकी कथा प्रवचनसहित नाच गान समेत गरिन्छ ।

ब्रह्माण्डका अधिपति महालक्ष्मीकी अवतार सीताजीको स्मृतिमा गरिने १५ दिने परिक्रमा माथि उल्लेखित स्थानहरुमा मात्र सीमित छन् भन्ने कुरा त भएन । तथापि यी ठाउँमा सीता माताका बालककालका कुनै न कुनै लिला जोडिएका थिए भन्ने मान्यता छ । सीता माताको रक्षाका लागि जनकपुरधामको चार सुरमा देवाधि देव महादेवले आश्रम जमाएर बस्नु भएको भन्ने जनविश्वास छ । यस मान्यता अनुसार उत्तरमा क्षीरेश्वर महादेव ((सखुवा महेन्द्रनगर), दक्षिणमा कल्याणेश्वर महादेव (कलना, भारत), पूर्वमा कपिलेश्वर महादेव (कपिलेश्वर) र पश्चिममा टुटेश्वरनाथ महादेव (महोत्तरी) का धाम छन् । कतिपय ग्रन्थमा कल्याणेश्वर महादेवको ठाउँमा

**बाँकी पृष्ठ ४ मा**

# साहित्य खेलकुद मनोरञ्जन स्वास्थ्य

## डाक्टर शर्माको मन्त्रः

# दैनिक एक घन्टा हिंड्ने बानी गरे औषधी खानु पर्दैन

–राजु अधिकारी

२५ वर्षका लक्का जवान युवक बेडमा छटपटाइरहेका छन्। उनलाई र परिवारलाई थाहा छ, अब उपचार सम्भव छैन। बिरामीसँग जीवनको मोह यति उच्च थियो कि, रोइकराइ गरेर हरदम चिकित्सक गुहारिरहन्थे । आफू बाँच्न चाहेको कुरा सुनाइरहन्थे । मृत्युलाई कुरेर बसेका ती बिरामी र उनका परिवारजनको आँखामा छचलि्कएको आँशु र भावविह्वल स्वजन देख्दा उपचारमा खटिएका चिकित्सकसमेत व्याकुल बन्थे। जवान छोराको त्यो अवस्थाले उनका अभिभावकको मनमा कस्तो हुण्डरी चलाउँथ्यो होला ?

ताप्लेजुङका ती युवकको उपचारमा खटिएकामध्ये एक थिए, धरान बीपी प्रतिष्ठानका डा. सञ्जीवकुमार शर्मा । यो सन् २००१ को कुरा हो, ६ महिनापहिला कतार गएका ती युवक दुबै मृगौला फेल भएर स्वदेश फर्केका थिए । डायलासिसका लागि आएका उनको परिवारसँग खर्च धान्ने उपाय थिएन । त्यसबेला नेपालमा मृगौला रोगको उपचार अहिले जति सहज भइसकेको थिएन । डायलासिस गर्ने सुविधा काठमाडौंबाहिर धरानको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भर्खरै सुरू भएको थियो । शुल्क यति महँगो थियो, जो कसैले थेग्नै मुश्किल थियो ।

'उनी बेडमा यसरी छटपटाउँथे मलाई केही गर्न नसकेकोमा पछुतो हुन्थ्यो, डाक्टर नबनेको भए यो देख्न पर्दैनथ्यो भन्ने लाग्थ्यो', डा. शर्मा सम्भिन्छन्, 'यदि बेलैमा जाँचपड्ताल गरेको भए सामान्य उपचारले उनको रोग निको हुनसक्थ्यो ।'

डा. शर्मालाई त्यहीबेला लागेको थियो, लक्षण बेगरका दीर्घ रोगबारे सर्वसाधारणलाई बेलैमा जानकार तुल्याउन सके धेरैको जीवन बचाउन सकिन्थ्यो। के गर्ने र कसो गर्ने भन्ने हुटहुटीले सताएकै बेला शर्माले उपाय निकाले, 'आफ्नो विशेषज्ञता भएको रोगबारे गाउँ(गाउँमा जाँच अभियान चलाउने । सहयोगी गुहार्ने, आफैं खटिएर कम्तीमा सर्वसाधारणलाई स्वास्थ्य परीक्षणका लागि उत्प्रेरित गर्ने ।' ताप्लेजुङका युवकको अवस्था देखेपछिको दुई वर्ष अर्थात सन् २००३ मा सुरू भयो 'केएचडिसी' अभियान । केएचडिसी अर्थात किड्नी, हाइ ब्लडप्रेसर, डायबिटिज, कार्डियो भास्कुलर (मुटु)।

अभियानको लक्ष्य थियो, गाउँ(गाउँमा गएर स्वास्थ्य परीक्षण गर्ने, यी रोगहरू भए(नभएको पत्ता लगाउने र उपचारका लागि प्रेरित गर्ने । धरान क्षेत्रका सहयोगी, विदेशका विभिन्न सेवामूलक काममा खटिएका व्यक्ति अनि बीपी प्रतिष्ठानकै समन्वयमा डा. शर्मा नेतृत्वमा सुरू भएको अभियानबाट यो १८ वर्षमा झापा, मोरङ सुनसरीमा १ लाखभन्दा बढी सर्वसाधारणले सेवा पाइसकेका छन् । डा. शर्मा र उनको टिमको यो अभियानले पूर्वी नेपालको स्वास्थ्य सेवा क्षेत्रमा अतुलनीय योगदान गरेको मान्नेहरू प्रशस्त छन् ।

झापा मेचीनगर ४ को बाहुनडाँगीमा भेटिए धरान बीपी प्रतिष्ठानका प्राध्यापक डा. शर्मा । उनी आफ्नो चिकित्सक टिमसहित सयौं सर्वसाधारणले घेरिएका थिए । माघ १८ देखि बाहुनडाँगीमा केएचडिसी क्याम्प चलिरहेको छ । सेवा लिन आएकालाई उनी भन्दै थिए 'तपाईं स्वस्थ जीवन बाँच्ने भए दैनिक एक घन्टे जागिर खानुस् ।' उनको मान्यता छ, दैनिक एक घन्टा हिँड्ने बानी गरे, धेरै स्वास्थ्य समस्या छल्न सकिन्छ । 'यो जागिर बिदा नबसी खानुस् भन्ने सल्लाह हुन्छ मेरो', बीपी प्रतिष्ठानका यी



डा. संजिब कुमार शर्मा

चर्चित चिकित्सक थप्छन् 'घाम, पानी, परिश्रम, आहारविहार यी सबैभन्दा उत्तम औषधी हुन्, चिकित्सकले लेख्ने औषधी छैठौं नम्बरदेखिका मात्रै हुन् । पहिलो पाँच नम्बरका औषधीमा जोड गरौं ।'

डा. शर्माका अनुसार मिगौला, उच्च रक्तचाप, मधुमेह र मुटु रोग लक्षणविहीन रोगहरू हुन्, जसलाई 'साइलेन्ट किलर' भनिन्छ । 'केही लक्षण नहुनु यी रोगका मुख्य लक्षण हुन्', उनले भने, 'जब पक्षघात, हृदयाघात हुन्छ, मृगौला बिग्रन्छ अनिमात्रै थाहा पाउनुभन्दा सुरूमै थाहा पाए सामान्य उपचारले बच्न सकिन्छ ।' केएचडिसी अभियानको मुख्य लक्ष्य नै यही हो ।

बाहुनडाँगीमा जारी शिविरको सुरूमा वृद्धवृद्धा, दीर्घरोगीमात्रै स्वास्थ्य जाँचका लागि आइरहेका थिए। तर, चिकित्सक टोलीले दिएको सल्लाह हल्लाका रूपमा गाउँघरमा फैलिँदै जाँदा युवालाई पनि जाँचका लागि शिविरसम्म डोर्याएको छ । उनीहरूलाई लाग्दैछ, नियमित जाँच सबैभन्दा ठूलो कुरा रहेछ, जसले ठूलो क्षतिबाट जोगाउन मद्दत गर्ने रहेछ 'मलाई केही समस्या छजस्तै लाग्दैन थियो', मेचीनगर २ का २७ वर्षीया एक युवतीले भनिन्, 'जचाउँ न त भनेर आएको मिगौलामा खराबी सुरू भइसकेको रहेछ ।' निजी विद्यालयकी शिक्षिका उनलाई चिकित्सकले आहारविहारमा ध्यान दिन र केही औषधी चलाउन भनेका छन् । 'धन्य बेलैमा आएछु', शिविरमा भेटिएकी उनले सुनाइन्, 'सबै किड्नी बिग्रेपछि थाहा पाएको भए के हुन्थ्यो ?'

१८ वर्षदेखि जारी यो सेवा अभियानमा डा. शर्मा र टिमले फेला पारेको केस स्टडीले भन्छ, '५० प्रतिशत बिरामीलाई आफू उच्च रक्तचाप र मधुमेह पीडित छु भन्ने थाहै हुन्न । मिगौलाका त शतप्रतिशत नै बेखबर जस्तै हुन्छन् ।' सुरूकै अवस्थामा यी रोग पत्ता लगाउन सके यसले निम्त्याउने जीवनको क्षति रोक्न सकिने उनको भनाइ छ ।

यो अभियानले तीन चरणको कामलाई मुख्य प्राथमिकता दिएको छ । पहिलो चरणमा सर्वसाधारणलाई स्वास्थ्य परीक्षणका लागि प्रेरित गर्ने, तत् क्षेत्रका स्वास्थ्यकर्मीलाई केएचडिसीबारे तालिम दिने, अनि यस्ता रोगबाट सर्वसाधारण जोगाउन सहयोग गर्न स्थानीय सरकारलाई



घच्घच्याउने । बाहुनडाँगीमा चलिरहेको शिविरमा मेचीनगरको स्थानीय सरकार खटिएको छ । शर्मासहितका विशेषज्ञ चिकित्सक १० जना, नर्सिङ र ल्याबका स्वास्थ्यकर्मी १५ जना गरेर २५ जना स्वयंसेवामा खटिन्छन् । उनीहरूका लागि आउने जाने यातायातको प्रबन्ध बीपी प्रतिष्ठानले गरिदिन्छ । धरान र विदेशका सहयोगी व्यक्तिहरूले ल्याब सञ्चालनका लागि सहयोग उपलब्ध गराएका छन् । स्थानीय व्यवस्थापन स्थानीय सरकारले गरिरहेको छ ।

मेचीनगर ४ का वडाध्यक्ष नवीन बराल लगायतको टिम यहाँ पनि खटिरहेको छ । 'सुरूमा एक साताका लागि भनेर क्याम्प सुरू गरिएको थियो', वडाध्यक्ष बरालले भने, 'तर, अझै थप एक साता लम्बिएला जस्तो छ ।' केएचडिसी अभियन्ता स्थानीय सरकारलाई औषधीको प्रबन्ध गर्न, फलोअपका लागि प्रेरित गर्न आग्रह गरिरहेको हुन्छ ।

बाहुनडाँगीमा हालसम्म यो क्याम्पमा स्वास्थ्य जाँच गरिएका ७ सय ४१ जनामध्ये ४ सय ९० मा कुनै न कुनै रूपमा मधुमेह, उच्च रक्तचाप, मृगौला र मुटुको समस्या देखिएको छ । तीमध्ये ३२ जनालाई पहिलो पटक मधुमेह देखिएको छ, जो आफूमा रोग भएको बारे बेखबर थिए । कोलस्टेरोलको समस्या २ सय ४८ र उच्च रक्तचाप १ सय ४८ जनामा देखा परेको छ । १९ जना यस्ता नयाँ रोगी भेटिए, जसलाई मिगौलाको समस्या देखियो । 'अब उहाँहरूमा ठूलो क्षति हुने छैन', डा. शर्माले भने, 'किनभने, समस्या बेलैमा पहिचान भएको छ । अब औषधीले क्षति रोक्छ । तर, घाम पानी, परिश्रम, आहार र विहारमा ध्यानचाहिँ दिनुपर्छ ।'


## आउनुहोस् ! आउनुहोस् !! आउनुहोस् !!!

झापाको भद्रपुरमा दुई दशकयता निरन्तर विभिन्न अवसरका लागि आवश्यक मूर्ति निर्माण गरिरहेको अभिषेक मूर्ति उद्योग भद्रपुर ६ मोतियावारी महेशपुरमा नजिकै आउँदै गरेको सरस्वती पूजाका लागि सर्वशुलभ मूल्यमा मूर्ति विक्री खुलेको जानकारी गराउँदछौं । आफ्नै देशको उत्पादनलाई उपयोग गर्ने बानी बसालौं । घरेलु उत्पादनलाई प्रोत्साहन गरौं । सरस्वती पूजाका लागि जुनसुकै आकारका मूर्ति उचित मूल्यमा दिइने छ ।



प्रो. विष्णु राजवंशी
अभिषेक मूर्ति उद्योग, भद्रपुर ६ मोतियावारी
मातामन्दिर छेउ ।
सम्पर्क : ९८१७९३५७५४



कमल गाउँपालिकाको कार्यालय
क्लाम्पाबजार, झापा



हल्दिबारी गाउँपालिकाको कार्यालय
हल्दिबारी, झापा



गौरादह नगरपालिकाको कार्यालय
गौरादह, झापा



कचनकवल गाउँपालिकाको कार्यालय
बनियानी, झापा

# उद्योग संघ झापाको २६ औं साधाराण सभा

– **सन्दर्भ समाचारदाता**

भद्रपुर । प्रदेश नं १ का उद्योगी व्यावसायीहरुले कोभिड-१९ बाट ग्रसित निजी क्षेत्र राजनीतिक दलहरुबाट हुने गरेको बन्द तथा हड्तालले उद्योग व्यावसायहरु धरासायी बन्दै गएको बताएका छन् । उद्योग संघ झापाको २६ औ साधारण सभाको अबसरमा भेलागढी सामुदायिक वन क्षेत्र हल्दीवारी-२ झापामा सोमवार आयोजित कार्यक्रमका सहभागी उद्योगी व्यावसायी प्रतिनिधिहरुले यस्तो बताएका हुन् । कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि समेत रहेका सार्क चेम्बर कमर्स एण्ड इण्डष्ट्रीका उपाध्यक्ष एवम् उद्योग बाणिज्य महासंघका पूर्व अध्यक्ष चण्डिराज ढकालले सरकारले पछिल्लो पटक उद्योग व्यावसायीको हित विपरित गएर गरेको निर्णय प्रति निजी क्षेत्र उदाशीन रहेको बताए । उनले सम्पूर्ण उद्योगी व्यावसायीले प्रदेश तथा स्थानीय सरकारकाहरुको समन्वयन र सहकार्यमा उद्योग व्यावसाय संचालन गर्न आग्रह गरे । ढकालले नेपालको उत्पादनलाई सार्क राष्ट्मा समेत सहज रुपमा निर्यात गर्न आफुहरुले पहल गरिरहेको बताउँदै देशमा भैरहने राजनीतक उथलपुथलले निजी क्षेत्र अघि बढ्न नसकेको धाराणा व्यक्त गरे ।

कार्यक्रममा बोल्दै झापका प्रमुअ जिल्ला अधिकारी श्रवण कुमार तिमसिनाले नेपाल सरकारको परिमार्जीत नितिलाइ व्यावसायीले पालना गर्न आग्रह गर्दै उद्योग सञ्चालनका लागि सुरक्षाको प्रत्याभूति प्रशासनले दिने प्रतिवद्धता व्यक्त गरे । जिल्ला



समन्वयन समिति झापाका अध्यक्ष सोम पोर्तेलले प्रत्यक स्थानीय तहहरुमा कम्तिमा एक, एक वटा उद्योगहरु स्थापित गर्न सके समस्याको समाधान हुने बताए । भद्रपुर नगर प्रमुख जीवन श्रेष्ठले भद्रपुर नगरपालिका भित्रका औधोगिक क्षेत्रको समस्या समाधानका लागि नगरपालिका प्रतिबद्ध भएर लाग्ने बताउँदै वार्ड नं. ५ मा उद्योग ग्राम स्थापनाको लागि डिपीआर निर्माण कार्य पूरा भएको बताउँदै आगामी आ.व.वाट निर्माण कार्य प्रारम्भ गरिने बताए ।

कार्यक्रममा नेपाली कांग्रेस झापा क्षेत्र नं ३ क्षेत्रीय सभापति गणेश पोखरेल, उद्योग बाणिज्य संघ झापा अध्यक्ष नवराज पनेरु, उद्योग संघ झापाका पूर्व अध्यक्ष उमेश डालमिया, प्रदेश नं एक उपाध्यक्ष भीमवहादुर पौडेल, लगाएतले बोल्दै राजनितिक खिचातानीले उद्योग व्यावसाय निर्धक्क भएर संचालन गर्न कठिन रहेको बताए ।

कार्यक्रममा संस्थाको बार्षिक प्रतिवेदन प्रस्तुत गर्दै अध्यक्ष टिकाराज ढकालले झापामा ५५ प्रतिसत उद्योग संचालनमा रहेको बताउँदै निजी क्षेत्रबाट उत्पादित समान निर्यातमा सीमा नाकामा गरिने लूयावटेष्ट लगाएतका विभिन्न प्रकृयाले बाह्य निर्यातमा समस्या आएको बताए । उनले आफ्नो कार्यकालमा उद्योगी व्यावसायीको हितमा काम गर्न सफल भएको बताउँदै संघले गरेको गतिविधका बारेमा प्रकाश पारे ।

ढकालको अध्यक्षता तथा प्रेस सल्लकार गोपाल गिरीको संचालनमा सम्पन्न कार्यक्रमको स्वागत वरिष्ठ उपाध्यक्ष यामबहादुर श्रेष्ठले गरेका थिए । चुनावी बार्षिक साधारण सभा समेत रहेको कार्यक्रममा वनभोजको समेत आयोजना गरिएको थियो । यहि साधारण सभाले आगामी १५ दिन भित्रमा नया कार्य समिति समेत चयन गर्ने साधारण सभामा प्रदेश नं १ का उद्योगी व्यावसायी प्रतिनिधिहरुको उल्लेखनीय मात्रामा सहभागिता रहेको थियो । यसै अवसर पारेर अग्रज दुईजना पत्रकारलाई पुरस्कृत गरेको छ । पुरस्कृत हुनमो आर्थिक पत्रिका निर्माण लहर साप्ताहिकका सम्पादक, रेडियो नेपालका झापा सम्बाददाता एवम् आर्थिक पत्रकार समाज झापाका अध्यक्ष रोहित काफ्ले र अग्रज पत्रकार, नागरिक एफएमका समाचार सम्पादक एवम् साप्ताहिक समाचारपत्रका प्रधान सम्पादक गोपाल गिरी रहेका छन् ।

## श्रीविवेकाश्रम तथा
# साङ्गवेद संस्कृत माविको ५० औं वार्षिकोत्सव

– **सन्दर्भ समाचारदाता**

भद्रपुर । श्रीविवेकाश्रम तथा साङ्गवेद संस्कृत माध्यमिक विद्यालय बिर्तामोड-२ चारपानेको ५० औं वार्षिकोत्सव तथा स्वर्ण जयन्तीको उद्घाटन भएको छ ।शुक्रवार भएको कार्यक्रममा हेलिकेप्टरबाट पुष्पबृटिसहित उद्घाटन गरिएको थियो । सातौदिनसम्म हुने स्वर्ण महोत्सव तथा बार्षिकोत्सव प्रमुअ अतिथि तथा देवगाट धामका इश्वरानन्द महाराजले उद्घाटन गरेका थिए ।

श्रीविवेकाश्रम तथा साङ्गवेद संस्कृत माध्यमिक विद्यालयका धर्मगुरु व्यासाचार्य किशोर गौतमको अध्यक्षतामा भएको कार्यक्रममा झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिम्सिना, प्रहरी प्रमुख सानुराम भट्टराई, संविधानसभा सदस्य मनकुमार गौतम, सहारा नेपालका कार्यकारी प्रमुख महेन्द्रकुमार गिरी, बिर्तामोड नगरपालिका प्रमुख ध्रुबकुमार शिवाकोटी, बिर्तामोड-२ का अध्यक्ष नगेन्द्र संग्रौलालगायत विभिन्न जिल्ला आएका धार्मिक व्यक्तित्वहरुको उपस्थिति थियो ।

स्वर्ण जयन्तीका अवसरमा धान्यपर्वत, गणेश पुराण पाठ, महारुद्राभिषेक, मन्त्रहरुको जप साथै सत्संग समारोह सातौदिनसम्म हुने बिद्यालयका अध्यक्ष धर्मगुरु व्यासाचार्य गौतमले बताए ।कलस यात्रापछि स्वस्ती वाचनसहित दीपप्रज्वलन गरेर



समारोह उद्घाटन गरिएको थियो । धर्मगुरु व्यासाचार्य गौतम र छन्दुराम भण्डारीले कथा बाचन गर्नेछन् ।

उद्घाटन समारोहमा ज्योति शास्त्र अनुसार हेलिकेप्टरद्धारा शास्त्रीय परम्परा अनुसार पुष्पबृष्टि गरिएको थियो । समारोहलाई सम्पन्न गर्नका लागि २०/२१ वटा उपसमितिहरु गठन गरिएको जनाइएको छ । दैनिक भजनकिर्तन तथा श्री स्वास्थानी व्रतकथामा आधारित प्रवचन कार्यक्रमसमेत हुनेछ । कार्यक्रम फागुन ७ गते सम्पन्न हुने र प्रत्येक महिनाको कार्यक्रम समितिले निर्धारण गर्दै ७८ सालको माघ महिनासम्म स्वर्णमहोत्सव मनाउने निर्णय गरेको बिद्यालयले जनाएको छ । कार्यक्रममा रुपन्देही, पाल्पा, पोखरा, चितवनसहित भारतका विभिन्न राज्यबाट भक्तजनहरु आउने जनाइएको छ । २०२८ सालमा स्थापना भएको बिद्यालयको एकविगाह ५ कठ्ठा जग्गा रहेको छ । जग्गादाता नन्दिकेशन तिम्सिना, पण्डित विष्णुभक्त भण्डारीलगायतको समेत कार्यक्रममा आतिथ्यता रहने जनाइएको छ ।

## प्रहरीले नियन्त्रणमा लिएर
# भन्सारमा बुझाएका गाडीहरू कबाडी बन्दै

**–पार्थ मण्डल**

भद्रपुर । मन्त्री, जनप्रतिनिधि र सरकारी अधिकारीले महँगा गाडी खरिद गरेर चढ्ने होडबाजी देशभर चलेको छ । उनीहरूले राज्यको ढुकुटी रित्याएर महँगा गाडी खरिद गरिरहेको बेला सशस्त्र र नेपाल प्रहरीले नियन्त्रणमा लिएर भन्सारमा बुझाएका गाडीहरू चाहिँ कबाड बन्दै गएका छन् ।

राजश्व आउने ती सवारीसाधनप्रति कसैलाई चासो छैन । प्रहरीले विभिन्न मुद्दामा जफत गरी लिलाम गर्नुपर्ने करोडौं मूल्यका गाडी अहिले भन्सार परिसरमा थन्किरहेका छन् । लामो समयदेखि लिलाम नगरिँदा ती सवारीसाधन अहिले कामै नलाग्ने अवस्थामै पुगिसकेको स्थानीयले बताएका छन् ।

सरकारी निकायको लाचारीका कारण मेची भन्सार कार्यालयमा एक सय ६ वटा मोटरसाइकल र २५ वटा चार पाङ्ग्रे गाडी त्यत्तिकै थुपारिएर राखिएको छ । भद्रपुर भन्सार कार्यालयमा २५ वटा मोटरसाइकल र आधा दर्जन चार पाङ्ग्रे गाडी थन्काएको पनि दुई वर्ष बित्यो ।

दुवै भन्सारमा राखिएका कतिपय गाडी घामपानीले बिग्रिसकेको अवस्थामा पुगिसकेको छ । कतिपय त



धुलोका कारण चिन्नै नसकिने अवस्था देखिन्छ। अधिकांश गाडीको पार्टपुर्जा नै नभएको अवस्थामा छ । भन्सारले लामो समयदेखि लिलाम नगरिएका गाडीहरूको मूल्यमा गिरावट आउने र लिलाम गर्दा पनि खरिद गर्ने वातावरण नभएको स्थानीय विक्रम राईले बताए । ती गाडीहरू लिलाम नगर्दा राज्यलाई नै घाटा भइरहेको उनले भने, 'सम्बन्धित निकायले तत्काल गाडीलाई लिलामको प्रक्रिया लैजानुपर्छ ।'

कोरोना भाइरस सङ्क्रमणसँगै भएको लकडाउनका कारण सवारीसाधन समयमा लिलाम गर्न नसकिएको मेची भन्सार कार्यालय काँकडभिट्टाका प्रमुख ध्रुव विश्वकर्माले जानकारी दिए ।

तर लकडाउन खुलेको महिनौंसम्म पनि भन्सारले सवारी लिलामको सम्पूर्ण प्रक्रिया पूरा गर्न सकेको छैन । प्रत्येक वर्ष गर्नुपर्ने लिलाम २ वर्षसम्म रोकिँदा करोडौं मूल्यका सवारीको मूल्य घट्ने र राजश्व संकलनमा घाटा लाग्ने भन्सारका अधिकारी स्वयं स्विकार्छन । अब भने चाँडै नै सबै प्रक्रिया पूरा गरेर सवारी लिलाम बिक्री गर्ने भन्सार प्रमुख विश्वकर्माको भनाइ छ ।

यता भद्रपुर भन्सार प्रमुख प्रमोद पौडेलले भर्खरै सरुवा भएर जिम्मेवारी सम्हालेको बताए। कार्यालयमा आउनु अघिदेखि नै भन्सारमा गाडीहरू लिलामको प्रक्रियामा न लैजाँदा समस्या उत्पन्न भएको उनले बताए । ढिला हुँदा भन्सारमा रहेका अधिकांश गाडी कामै नलाग्ने अवस्थामा पुगिसकेको स्विकार्दै उनले भने, 'अब चाँडै सूचना निकालेर गाडीहरूलाई लिलाम प्रक्रियामा लैजान्छौं। ।'

गाडीहरू समयमा लिलाम हुन नसक्दा एकातिर राजश्व संकलनमा कमी आउँछ भने अर्कातिर अवैध कार्यमा प्रयोग भएका गाडीबारे सूचना दिने सूचकले पाउँदै आएको कमिसन समेत समयमा नपाउँदा प्रहरीलाई दिने अन्य सूचना पनि नआउने सम्भावना समेत बढेको देखिन्छ । तसर्थ यसरी भन्सार बुझाइएका सवारीसाधनको समयमै लिलाम बिक्री गरी तोकिएको राजश्व सङ्कलन गर्न जरुरी छ। नत्र करोडौं मूल्यका गाडी कवाडीको भाउमा मात्रै बिक्री हुने निश्चित छ ।

# सक्रिय महिला पत्रकारिता पुरष्कार राधालाई

– **सन्दर्भ समाचारदाता**

बिर्तामोड । जयेन्द्रप्रसाद प्रसाई साहित्य सेवाकोषद्वारा प्रत्येक वर्ष प्रदान गरिँदै आएको धनमाया सक्रिय महिला पत्रकारिता पुरष्कार यो वर्ष राधा खनाललाई प्रदान गरिने भएको छ । कोषका अध्यक्ष गोपीकृष्ण प्रसाईको अध्यक्षतामा सम्पन्न संस्थाको कार्यसमितिको बैठकले पुरस्कार प्रदानका लागि छनौट समितिले गरेको सिफारिसलाई सर्वसम्मत अनुमोदन गरेको सचिव राजेन्द्र प्रसाईले जानकारी दिए । खनाल झापामा रहेर काठमाडौंबाट प्रकाशित हुने अन्नपूर्ण



पोष्ट राष्ट्रिय दैनिकमा कार्यरत रहेकी छन् । पुरस्कार २१/२१ हजार नगदको र सम्मान पत्र रहेको छ ।

संस्थाले प्रत्येक वर्ष वितरण गर्दै आएको वर्षोत्कृष्ट कृति पुरस्कारका लागि झापाली स्रष्टा कुमार भट्टराईद्वारा लिखित 'अस्वत्थामा' र दीर्घ साहित्य सेवासम्मान दमकका मोहन भण्डारीलाई प्रदान गर्ने निर्णय गरिसकेको छ । पुरस्कार आगामी फागुन ८ गते संस्थाको विर्तामोडस्थित आफ्नै सभाहलमा एक कार्यक्रमको आयोजना गरी वितरण गरिने भएको अध्यक्ष प्रसाईले जानकारी दिए ।

# झापा बारको अध्यक्षमा हरि अधिकारी

– **सन्दर्भ समाचारदाता**

भद्रपुर । नेपाल बार एशोसिएसन झापाको निर्वाचनवाट हरि अधिकारीको अध्यक्षतामा १३ सदस्यीय नयाँ कार्य समिति सर्वसम्मत चयन गरिएको छ । एशोसिएसनको सभाहल चन्द्रगढीमा सम्पन्न कानुन व्यावसायीहरुको भेलामा अन्तिम नामावली प्रकाशनमा अधिकारी सहितको टिम बाहेक अन्य कसैले पनि नामावली दर्ता नगरे संगै उक्त कार्य समितिलाई निर्विरोध निर्वाचित गरिएको हो ।

आगामी २ बर्षे कार्यकालका लागि गठित समिति उपाध्यक्षमा कमला आचार्य, सचिवमा हेमकला कट्टेल, सह सचिवमा देवीकुमारी निरौला र कोषाध्यक्षमा खगेन्द्र खरेललाई निर्विरोध निर्वाचित गरिएको छ। यसैगरि सदस्यहरुमा क्रमश : ज्ञानेन्द्रबहादुर कार्की, यज्ञलक्ष्मी चौंलागाई, चेतनाथ आचार्य, लेखनाथ निरौला, मोहनकुमार



अधिकारी, विजय ढुङ्गाना, तारादेवी वाराकोटी, र उमाकान्त पोखरेललाई निर्विरोध निर्वाचित गरिएको निर्वाचन समितिका संयोजक सुरज खत्रीले जानकारी दिए ।

त्यसै गरि रामबहादुर थापा, शुरेशकुमार पोखरेल, प्रेमप्रसाद विमिली, बेनु प्रसाद सिटौला, नारायणप्रसाद चौंलागाई, असारुलाल राजबंशी र डमरबहादुर कार्कीलाई केन्द्रिय पार्षदमा छनोट गरिएको समितिले जनाएको छ ।

झापा बारमा प्रजातान्त्रिक कानुन व्यावसायी र प्रगतिशिल कानुन व्यावसायीबीच नेतृत्व छनौट लगायतका कतिपय पदहरुमा कार्यगत एकता गर्ने प्रचलन भएसँगै आलोपालोको पद्दतिबाट सहमतिमा कार्य समिति चयन गर्ने परम्परा निरन्तर रहँदै आएको छ । सोही परम्परा अर्न्तगत रहेर बर्तमान नर्या कार्य समिति समेत चयन गरिएको झापा बारले जनाएको छ ।

# आन्तरिक पर्यटकले जुरमुराउँदै धार्मिक स्थल किचकबध

– **सन्दर्भ समाचारदाता**

भद्रपुर । कोडिभ-१९ का कारण सुनसान बनेको झापाको किचकबध आन्तरिक पर्यटकका कारण पुनः जुरमुराएको छ । महाभारतकालीन कथासँग जोडिएको नेपालको महत्वपूर्ण पर्यटकीयस्थल किचकबध वनभोज खान आउने र घुम्न आउने आन्तरिक पर्यटकका कारण जुरमुराएको हो ।

वरिपरि गहिरो खेतीपाती हुने कोसौं टाढासम्मको उर्वर फाँटको बीचमा अग्लो डाँडामा रहेको किचकबधस्थलमा प्रदेश सरकार र स्थानीय सरकारको पहलमा किचकबध धार्मिक तथा ऐतिहासिक पर्यटकीयस्थल संरक्षण समितिले वनभोजस्थल, बाल उद्यानसहितको बगैंचा निर्माण गरेको छ । यहाँ आउने पर्यटकको ध्यान बाल उद्यानभित्र राखिएको गैंडा र हात्तीको प्रतिमाले समेत खिच्ने गरेको समितिका अध्यक्ष दिलबहादुर थेबेले बताए । दैनिक १०० देखि २०० जनासम्म आन्तरिक पर्यटक आउन थालेको बताउँदै अध्यक्ष थेबेले



भने, "अब कोरोनासँग मान्छे डराउन छाडेछन्, चहलपहल बढ्यो । शनिबार त चार/पाँच सयसम्म आन्तरिक पर्यटक वनभोज खान र घुम्न आउँछन् ।

चन्द्रगढी विमानस्थलबाट १० किलोमिटर दक्षिण भद्रपुर नगरपालिका वडा नं २ मा १० बिघा क्षेत्रफलमा फैलिएको यस क्षेत्रमा दुई हजार वर्षभन्दा पहिलेको दरबार, किल्ला, पर्खाल, भाडाकुँडा र इँटाहरु पुरातत्व विभागको उत्खननबाट फेला परिसकेको छ ।

हरेक वर्ष माघ शुक्ल पूर्णिमाका दिन यहाँ धार्मिक मेला लाग्दै आएको छ भने मेलामा सबै धर्म र सम्प्रदायका मानिसको घुइँचो लाग्ने गरेको छ तर यस वर्ष भने कोभिड-१९ कारण मेला नलगाउने उनको भनाई छ । प्राकृतिक दृश्यावलोकनका लागि समेत सुन्दर मेची र देउनिया नदीको दोभानमा अवस्थित किचकबध परिसरमा सतीदेवी, विष्णुपादुका र शिवको मन्दिर छ । दक्षिणी भागमा धर्मशालाका लागि बनाइएको दुईतले भवनमा प्रहरीको अस्थायी बिट र ब्यारेक छ । किचकबधस्थलमा हाल भीमसेनले किचकलाई बध गरिरहेको दुईवटा मूर्ति छन् । महाभारतकालीन कथाको किंवदन्ती जोडिएको झापाको महत्वपूर्ण स्थल भएको हुँदा किचकबधमा पर्यटकीय आकर्षणयुक्त वातावरण बनाउन स्थानीय, प्रदेश र सङ्घीय सरकारले विशेष ध्यान दिइरहेको भद्रपुर नगरपालिका-२ अध्यक्ष भीम केरुङले बताए ।

# गौरादह शिक्षक नगर समिति चरणवद्ध आन्दोलनमा

– **सन्दर्भ समाचारदाता**

गौरादह । गौरादह नगरपालिकाले शिक्षा बजेटमा व्यापक कटौती गरेको भन्दै गौरादह शिक्षक महासंघ नगर समितिले चरणवद्ध आन्दोलनको तयारी गरेको छ । गौरादह शिक्षक महासंघ नगर समितिले पत्रकार सम्मेलन गरि चरणवद्ध आन्दोलनको कार्यक्रम सार्वजनिक गरेको हो ।

आर्थिक वर्ष २०७७।७८ मा छैठो नगरसभाबाट पारित शिक्षा बजेट



अन्तर्गत नगरपालिकाले बाल शिक्षक र कर्मचारी प्रोत्साहन, विद्यालय कर्मचारी निवृत प्रोत्साहन, अंग्रेजी शिक्षक प्रा. वि. तह स्वयसेवक र प्ले ग्रुप कक्षा व्यवस्थापन शीर्षकमा वजेट कटौती गरेको हो । नगरपालिकाले बाल शिक्षक र कर्मचारी प्रोत्साहन शिर्षकमा १४ लाख ४० हजार रूपैयाँ, विद्यालय कर्मचारी निवृत प्रोत्साहन शिर्षकमा ४ लाख रूपैयाँ, २० जना अंग्रेजी शिक्षक प्रा. वि. तह ( स्वयंसेवक) शिर्षकमा ३९ लाख रूपैयाँ र प्ले ग्रुप कक्षा व्यवस्थापन शिर्षकमा ८ लाख रूपैयाँ कटौती गरेको महासंघका अध्यक्ष बाबुराम भण्डारीले बताए ।

कटौती गरिएको बजेटको विषयमा व्यक्तिगत तथा संस्थागतरूपमा पटक पटक ध्यानाकर्षण गराए पनि नगरपालिकाले गम्भीरतापूर्वक नलिएकोले चरणवद्ध आन्दोलन गर्नु पर्ने बाध्यता भएको अध्यक्ष भण्डारीले पत्रकार सम्मेलनमा बताए । महासंघले पहिलो चरण अन्तर्गत विभिन्न सञ्चार माध्यमहरूलाई जानकारी गराउने, फागुन २ गते नगरपालिकामा ध्यानाकर्षणपत्र बुझाउने, फागुन ६ गते विद्यालयका पिटिए अध्यक्ष, व्यवस्थापन समिति अध्यक्ष र दलगत प्रतिनिधिहरूसंग छलफल गर्ने र फागुन ९ गते कार्यपालिका सदस्यहरूसंग अन्तरक्रिया गर्ने रहेको छ । त्यसैगरि महासंघले दोस्रो चरणमा फागुन १४ गते एक दिन विद्यालय बन्द गरि सम्पुर्ण शिक्षक, कर्मचारीहरू डिपुचौकमा भेला भई प्ले कार्ड बोकी नगरपालिकाको कार्यालयमा शिक्षक, कर्मचारी हाजिर खाता बोकी नगरपालिकामै हाजिर गरि नगरपालिका घेराउ गर्ने , फागुन २१ गते नगरपालिकाको सम्पुर्ण बाल शिक्षक, कर्मचारी तथा शिक्षक महासंघका पदाधिकारीहरू धर्ना दिने र तेस्रो चरणमा महासंघले अझ सशक्त एवम् कठोर आन्दोलनको कार्यक्रम सार्वजनिक गरेको छ । गौरादह शिक्षक महासंघका अध्यक्ष भण्डारीले नगरपालिकाले हालसम्म नगर शिक्षा समिति गठन नगरेको हुँदा प्रचलित कानुन बमोजिम नगर शिक्षा समिति तुरुन्त गठन गर्नुपर्ने माग गरेका थिए ।

नेपाल शिक्षक महासंघ झापाका अध्यक्ष बुद्धिमान कार्कीले शिक्षा शिर्षकमा वजेट कटौती गरेको दुःखत भएको बताउँदै नगरपालिकाले तुरून्त सच्चाउनु पर्ने बताए । विद्यालय र शिक्षकका तर्फबाट गुणस्तर शिक्षामा कुनै कमी नरहेको भन्दै शिक्षा क्षेत्रलाई नगरपालिकाले अवहेलना र वेवस्ता गरेको बताए । गौरादह शिक्षक महासंघ गौरादहले सार्वजनिक गरेको आन्दोलनको कार्यक्रमलाई ऐक्यबद्धता जनाउँदै महासंघका झापा अध्यक्ष कार्कीले शैक्षिक समस्यालाई नगरपालिकाले गम्भीरतापूर्वक लिनु पर्ने सुझाव दिएका थिए । डोरामारी

बाँकी पृष्ठ ६ मा

# पुरस्कारको रकमले ह्वीलचेयर प्रदान

– **सन्दर्भ समाचारदाता**

बिर्तामोड । वीरता जेसीजले इनरह्वील क्लव अफ बिर्तामोड मिडटाउनलाई ह्वीलचेयर प्रदान गरेको छ । वीरता जेसीजका पूर्व अध्यक्ष सजेश शिवाकोटीले आफूलाई वीरता जेसीजले प्रदान गरेको दिलकुमार शर्मा स्मृति वीरता जेसीज सक्रिय पूर्व अध्यक्ष पुरस्कारको रकमले ह्वीलचेयर खरिद गरी उक्त संस्थालाई प्रदान गरेका हुन् । मानवताको सेवा नै जीवनको सवीत्तम कार्य हो भन्ने जेसीजको आस्था अनुसार आफूले पुरस्कारको रुपमा पाएको रकमले ह्वीलचेयर खरिद गरी प्रदान गरेको शिवाकोटीले बताए । पूर्व अध्यक्ष शिवाकोटीले , इनरह्वील क्लव अफ बिर्तामोड मिडटाउनकी प्रेसिडेन्ट रेनु वंशल, सेक्रेटरी सम्झना भण्डारीलाई उक्त ह्वीलचेयर हस्तान्तरण गरेका थिए ।

कार्यक्रममा वीरता जेसीजका २०७५ का उत्कृष्ट नागरिक पूर्णप्रसाद चुडाल, रोटरी क्लव अफ बिर्तामोड मिडटाउनका क्लव सर्भिस कोअर्डिनेटर सुजित वंशललगायतको सहभागिता



रहेको वीरता जेसीजका महासचिव लोकचन्द्र श्रेष्ठ ले जानकारी दिए ।

यसैबीच इनरह्वील क्लव अफ बिर्तामोड मिडटाउनले बौद्धिक अपाङ्गता भएकी पूर्णिमा गुरुङलाई उक्त ह्वीलचेयर प्रदान गरेको छ । शिवाकोटीले प्रदान गरेको ह्वीलचेयर इनरह्वील क्लव अफ बिर्तामोड मिडटाउनले बौद्धिक अपाङ्गता भएकी गुरुङलाई हस्तान्तरण गरेको हो । कनकाई -१ जामुनवारीस्थित सुस्त मनस्थिति सरोकार समाज नेपालको बालआवास गृहमा रहेकी बौद्धिक अपाङ्गता भएकी गुरुङलाई इनरह्वील क्लव अफ बिर्तामोड

बाँकी पृष्ठ ६ मा

# नयाँ निर्देशिका सामाजिक सञ्जालमाथि खतरा

काठमाण्डौं । सरकारले मुलुकभित्र खुलेका सबै किसिमका सामाजिक सञ्जाल दर्ता गर्नुपर्ने प्रावधानसहित नयाँ निर्देशिकाको मस्यौदा तयार गरेको छ । मस्यौदाअनुसार दर्ता नभएका सामाजिक सञ्जाललाई सरकारले प्रतिबन्ध लगाउन सक्नेछ । निर्देशिका कार्यान्वयनमा आए अब फेसबुक, ट्विटर, युट्युब, भाइबर, इमो, ह्वाट्सएप, इन्स्टाग्राम, म्यासेन्जर, वी च्याटलगायत सबै किसिमका सामाजिक सञ्जाल नेपालभित्र अनिवार्य रूपमा दर्ता हुनुपर्नेछ । यसका लागि उनीहरूले नेपालमा छुट्टै कार्यालय खोल्नु पर्नेछ । कार्यालय नखोलिएका र दर्ता नगरिएका सामाजिक सञ्जाल नेपालभित्र सञ्चालन हुन पाउने छैनन् । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका अनुसार तयार हुँदै गरेको मस्यौदालाई 'सामाजिक सञ्जाल व्यवस्थापनसम्बन्धी निर्देशिका-२०७७' भनिएको छ । मस्यौदाअनुसार निर्देशिका प्रारम्भ हुनुअघि सञ्चालनमा रहेका सामाजिक सञ्जालले तीन महिनाभित्र सूचना प्रविधि विभागमा दर्ता हुनुपर्नेछ । दर्ता नभएका सामाजिक सञ्जाललाई भने नेपाल सरकारले रोक लगाउन सक्नेछ ।

निर्देशिकाको दफा ३ को उपदफा २ र ३ मा भनिएको छ, 'निर्देशिका प्रारम्भ हुनुअघि सञ्चालनमा रहेका सामाजिक सञ्जाल तीन महिनाभित्र विभागमा दर्ता हुनुपर्नेछ । दर्ता नभएका संस्था वा व्यक्तिले सञ्चालन गरेको सामाजिक सञ्जालको प्रयोगमा नेपाल सरकारले प्रतिबन्ध लगाउन सक्नेछ ।' सोही दफाको उपदफा ३ मा दर्ता भएका सामाजिक सञ्जालले नेपालको कानुन वा निर्देशिका उल्लंघन गरेको पाइए दर्ता स्वतः खारेज हुनेछ । निर्देशिकामा भनिएको छ, 'दर्ता भएका सामाजिक सञ्जालले प्रचलित नेपालको कानुन तथा यस निर्देशिकाको उल्लंघन गरेको ठहरिए सोको दर्ता स्वतः रद्द हुनेछ ।'

निर्देशिकाको दफा ४ मा व्यक्ति र संस्था दुवैले सामाजिक सञ्जाल दर्ता गर्न सक्ने व्यवस्था गरिएको छ । व्यक्तिले दर्ता गर्दा नागरिकता अनिवार्य र संस्थाले दर्ता गर्दा संस्था दर्ताको प्रमाणपत्र अनिवार्य छ । दर्ताका लागि प्राविधिक क्षमता, पेसागत दक्षता खुल्ने दस्तावेज अनिवार्य पेस गरि नुपर्ने भनिएको छ । सँगै कार्यसञ्चालन योजना, आर्थिक र प्राविधिक अध्ययन प्रतिवेदन पनि पेस गर्नुपर्नेछ । योग्यता पुगेका व्यक्ति र संस्थालाई सूचना प्रविधि विभागले पाँच वर्षसम्मका लागि



सञ्चालन अनुमति दिने सक्नेछ । पाँच वर्षपछि भने नवीकरण गराउनुपर्नेछ ।

निर्देशिका लागू भएपछि अनुमति लिएका सामाजिक सञ्जालले अनधिकृत तवरले विज्ञापन गर्न पाउने छैनन् । कानुन वा सदाचारविरुद्ध हुने सूचना, तथ्यांक वा विवरण अधिकार प्राप्त निकायबाट लेखी आएमा हटाउनुपर्नेछ । अपराध अनुसन्धानको सिलसिलामा अख्तियार प्राप्त निकायले माग गरेको खण्डमा सूचना, तथ्यांक, विवरण वा जानकारी तुरुन्त उपलब्ध गराउनुपर्नेछ । प्रयोगकर्ताको सूचनाको सुरक्षा तथा गोप्यता रहने व्यवस्था र सोका लागि आवश्यक सुरक्षा मापदण्ड सामाजिक सञ्जालले नै मिलाउनुपर्नेछ । निर्देशिकाको दफा ५ को बुँदामा भनिएको छ, 'सामाजिक सञ्जालमा अनाधिकृत तवरबाट विज्ञापन गर्न पाइनेछैन । कानुन वा सार्वजनिक सदाचारविरुद्ध हुने सूचना, तथ्यांक वा विवरण सामाजिक सञ्जालबाट हटाउन लेखी आएमा सो सूचना, तथ्यांक वा विवरण हटाउन सकिनेछ ।'

सामाजिक सञ्जाल प्रयोगकर्तीले कानुनबमोजिम बर्जित गरिएका कुनै पनि सामग्री लाइक, सेयर, कमेन्ट, रिपोस्ट, लाइभ ब्रोडकास्ट तथा कमेन्ट गर्न पाइनेछैन । कानुनले बर्जित नगरेका सामग्री भने जो कसैले पनि लाइक, सेयर, कमेन्ट, रिपोस्ट, लाइभ ब्रोडकास्ट तथा कमेन्ट गर्न सक्नेछन् । मस्यौदाको दफा ६ उपदफा १ को बुँदा ९ठ० मा भनिएको छ, 'कसैले गरेका कानुनविपरीतका सामग्री सेयर, लाइक, रिपोस्ट, लाइभ ब्रोडकास्ट र कमेन्ट गर्ने वा गराउन हुँदैन । तर, सदाचार र नैतिकताको प्रतिकूल नहुने खालका सही सूचना, तथ्य, अध्ययनका विवरण, शब्द, चित्र, संकेत, भिडियो वा अडियोजस्ता कुनै पनि प्रकाशन वा प्रसारण गर्न सोको पुनः सेयर, लाइक, रिपोस्ट, लाइभ ब्रोडकास्ट र कमेन्ट गर्न सकिनेछ ।' मस्यौदाअनुसार सामाजिक सञ्जालमा प्रकाशन वा प्रसारण भएका सामग्री हटाउने निर्देशन सूचना प्रविधि विभागले दिन सक्नेछ । विभागको निर्देशनपछि सामाजिक सञ्जाल सञ्चालकले उक्त सामग्री हटाउनुपर्नेछ । अटेर गरेमा वा उजुरी परेमा विभागले अनुमगन गर्नेछ । दोषी देखिएका विरुद्ध कानुनबमोजिम कारबाही गर्न सम्बन्धित निकायलाई लेखी पठाउनेछ । निर्देशिकाको दफा ७ र ८ मा भनिएको छ, 'निर्देशिकामा उल्लेखित सामाजिक सञ्जालमा सम्प्रेषण गर्न नहुने विषयवस्तु सम्प्रेषण वा सम्प्रेषण गर्न लागेको विषयमा विभागले त्यस्ता सूचना हटाउन सम्बन्धित सामाजिक सञ्जाल सञ्चालकलाई निर्देशन दिनेछ । निर्देशिकामा भएको बमोजिमको बर्खिलाप कुनै किसिमको क्रियाकलाप भएको पाइएमा उजुरी गुनासो प्राप्त भएमा विभागले आवश्यक अनुगमन गर्ने र प्रचलित कानुनअनुसार कारबाही गर्न सम्बन्धित निकायमा लेखी पठाउनेछ ।'

सामाजिक सञ्जालमा विज्ञापन गर्न नेपालबाट मात्रै वार्षिक करिब पाँच अर्ब रुपैयाँ विदेशिने गरेको विज्ञापन व्यवसायीको अनुमान छ । तर, यसबारे गहन अनुसन्धान नभएकाले यति नै रकम बाहिरिन्छ भन्ने तथ्यांक भेटाउन सकिएको छैन । अधिकांश कारोबार अनौपचारिक ढंगले हुने भएकाले यसको तथ्यांक निकाल्न गाह्रो भएको उनीहरूको भनाइ छ ।

अधिवक्ता बाबुराम अर्याल अहिलेको सामाजिक मनोविज्ञान सरकारविरुद्ध उभिएकाले यस्तो बेला व्यवसायीले सामाजिक सञ्जाल दर्ता गर्न नचाहने बताउँछन् । 'सामाजिक सञ्जाल दर्ता गर्ने प्रावधान सरकारले ल्याएको छ । यो अवस्थामा दर्ता गर्न चाहनेले पनि सामाजिक सञ्जाल दर्ता नगर्न सक्छन् । किनकि अहिलेको अवस्थामा दर्ता हुँदा भोग्नुपर्ने कानुनी झन्झट सामना गर्न उनीहरू तयार हुँदैनन्,' उनले भने, 'त्यसो हुँदा बरु सेवा बन्द गर्नेतर्फ जान सक्छन् । यस्तो भयो भने वाक स्वतन्त्रताको हनन हुने भयो । सामाजिक सञ्जाल सर्वसाधारणको मिडिया हो ।'– नयाँ पत्रिका

**अयोध्या.....**

जलेश्वरनाथ महादेव उल्लेख गरेको पाईन्छ । जनकपुरधाम अष्टावक्र, याज्ञवल्क्य, गार्गी जस्ता ऋषि र विदुषीहरुले शास्त्रार्थ गरेको ज्ञान सागर स्थान पनि भएकाले याज्ञवल्क्य आश्रम ज्ञानकुप प्रसिद्ध छ । जहाँ अहिले पनि संस्कृत भाषामा अध्ययन अध्यापन भइरहेको छ ।

यसरी स्वर्गका देवता धर्तीमा ओर्लने एक पवित्र स्थलका रुपमा अवस्थित जनकपुरधामको पर्यटकीय महत्व पनि धेरै छ । पञ्चायत कालमा जनकपुर धामप्रति राज्य सत्ताको ध्यान नपुगेको मात्र होइन कि प्रदुषित धारणा राखेर उपेक्षा समेत भएको थियो । २०४६ सालको जनआन्दोलनबाट प्रजातन्त्र आइसके पछिका दिनमा राज्य सत्ताको केही ध्यान नपुगेको पनि होइन तर जति ध्यान पुग्नु पर्ने हो त्यो भने अझै पनि पुग्न सकेको छैन । जनकपुर धाममा भौतिक विकासको पूर्वाधार का रुपमा चक्रपथ निर्माण हुनु पर्दछ । जनकपुरधाम भित्रका जति पनि मठ मंदिर ताल तलैयाहरु छन्, तिनको र म्रोसँग सम्वर्द्धन, संरक्षण भएर एउटा सफा र स्वच्छ शहरको नमूनाका रुपमा विकसित हुनु अनिवार्य छ । जनकपुर धाम प्रदेश नं।२ को राजधानीका रुपमा मात्र पहिचान स्थापित नभएर समग्र राष्ट्रकै धरोहरका रुपमा विकसित हुनु आवश्यक छ । यस्तो हुन सकेमा आगामी १० वर्षमा जनकपुरधामको कायपलट हुने कुरामा कुनै शंका रहने छैन ।

भारतका प्रधानमंत्री नरेन्द्र दामोदरदास मोदीको जानकी माता दर्शनार्थ जनकपुर आगमनको अध्यायले पर्यटकीय दृष्टिले पनि जनकपुरधाम र जानकी मंदिरको महत्ता विश्वव्यापी भएको छ । नेपालका सम्पूर्ण पर्यटन व्यवसायी मिलेर १० वर्षमा पनि गर्न नसक्ने विज्ञापन नरेन्द्र मोदीको आगमनबाट हुन पुगेको छ । नरेन्द्र मोदीको जनकपुर आगमनले विश्वका करौडौ सनातन हिन्दू धर्मावलम्बीहरुलाई एकपटक जनकपुरधाम पुगौं पुगौं जस्तो बनाएको छ अहिले भारतीय तीर्थयात्रीहरुको जनकपुरधाममा बेमौसममा पनि घुईंचो लागेको देखिन्छ । अयोध्या-जनकपुर सोझो बस यात्रा उदघाटनले अब भारतका तीर्थालुलाई जनकपुरधाम आउन सुगम भएको छ ।

योभन्दा पनि अझ महत्वपूर्ण रामायण सर्किटको प्रतिवद्धता हुन पुगेको छ । वास्तवमा रामायण सर्किटले भारतभन्दा पनि अगाडि श्रीलंकासम्मलाई छुन्छ । रामायण सर्किटको अवधारणा के हो भने जहाँ जहाँ सीतारामको पाइला परेको छ त्यो-त्यो ठाउँलाई जोडेर राजमार्ग निर्माण हुनु हो । लंका (आजको श्रीलंका) त रामायण कथाको आधार स्तम्भ नै हो । माता सीताले लक्ष्मण रेखा पार नगरेकी भए रामायणको कथा नै अगाडि बढने थिएन । लक्ष्मण रेखा पार गर्नाकै कारण रावणबाट अपहरित भएर राम-रावण युद्ध हुन गयो । जुन युद्ध अर्थात रावणको अन्त्य नै भगवान रामको अयोध्यामा जन्म लिनु र जनकपुरधाममा सीताको उत्पति हुनु मूल अभीष्ट थियो । त्यसो हुँदा श्रीलंका रामायण सर्किटको एउटा मूल स्टेशन हो । अन्य महत्वपूर्ण सर्किट स्टेशनहरुमा श्रीलंका अतिरिक्त अयोध्या, चित्रकुट, पंचवटी, रामेश्वरम आदि इत्यादि ठाउँहरु आउँछन् ।

रामायण दर्शनमा अर्थात राम चरित मानसमा चित्रकुटको ठुलो महत्व छ । त्यसो त भगवान रामको राजधानी अयोध्या कम महत्वको छैन । रामचरित मानसका रचयिता गोस्वामी श्री तुलसीदास महाराजले चित्रकुटमा भगवान राम र सीताको दर्शन पाउनु भएको थियो । तर उहाँले भगवानलाई चिन्न सक्नु भएन । श्री रामचरित मानसमा उहाँको संक्षिप्त जीवनीमा एक श्लोक उल्लेख छ –

चित्रकुटके घाट पर भइ संतन की भीर ।

तुलसीदास चंदन घिंसे तिलक देत रघुवीर ॥

यसरी यी सर्किटमा राजमार्ग निर्माण भएर जनकपुरधाममा जोडियो भने थाम्नै नसकिने तीर्थालु पर्यटक बढ्ने निश्चित प्रायः छ । यस्तो सम्भावनालाई भारतीय प्रधानमंत्री नरेन्द्र मोदीको जनकपुरधाम भ्रमणले झन चार चाँद लगाइदिएको छ । हाम्रा पर्यटन व्यवसायीहरुले जनकपुरधाम आइपुगेका तीर्थालु पर्यटकलाई पशुपतिनाथ र मुक्तिनाथको महत्ता बुझाउन सके नेपाल पर्यटन उद्योगमा विश्वमै पहिलो स्थान ओगट्ने देश कहलिन सक्छ । यस प्रकार जगत जननी माता सीताको जन्मभूमि जनकपुरधाम, जहाँ स्पर्श मात्र हुनाले पनि सारा पाप पखालिएर बैकुण्ठ प्राप्त हुन्छ भन्ने जन विश्वास छ । नेपालको आर्थिक उन्नतिका लागि जनकपुरधामको कति धेरै ठूलो महत्व रहेछ भन्ने कुरा यसैबाट छर्लङ्ग हुन्छ ।

यहाँनेर मलाई जारी नयाँ संघीय गणतन्त्रात्मक संविधान प्रति एउटा कुरो भने भन्नैपर्ने भएको छ । विश्वमा आजका मितिमा पनि ९६ मुलुक आफ्नो राष्ट्रिय धर्म पालना गरिरहेका रहेछन् भने नेपाल एउटा हिन्दू राष्ट्र कहलिएर विश्वको ९७ औं राष्ट्रमा गणना हुदा कसलाई र किन आपत्ति भयो ? देश हितको कुरो गर्ने हो भने पर्यटन व्यवसाय फष्टाउन योगदान गर्ने विषयमा यति ठूलो मूल्य ? नेपाली जनताको कुरा गर्ने हो भने ९० प्रतिशतले हिन्दू राष्ट्र चाहन्छन् भन्ने तथ्यांकबाट नै प्रमाणित छ । यो प्रश्नको उत्तर आउने समयले अवश्य प्रष्ट पार्ने छ ।

(यो सामग्री वरिष्ठ पत्रकार, प्रेस स्वतन्त्रता सेनानी माधव आचार्यको संस्मरणात्मक पुस्तक 'जीवनको गोरेटो' बाट लिइएको हो)

# डा. केसीले २० औँ सत्याग्रहको घोषणा गरे



काठमाडौं । प्रतिनिधिसभा पुनःस्थापनालगायतका तीनबुँदे माग राख्दै डा.गोविन्द केसीले २० औँ सत्याग्रहको घोषणा गरेका छन् । बिहीबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै डा. केसीले आउँदो फागुन १२ गतेसम्म आफ्ना माग सम्बोधन नभए सत्याग्रह सुरु गर्ने घोषणा गरेका हुन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीबाट संविधानमाथि निरंकुश प्रहार भएकाले त्यसको विरोध गर्नु आफ्नो मौलिक कर्तव्य भएका कारण सत्याग्रहको घोषणा गरेको डा. केसीले बताएका छन् । आम नागरिकलाई समेत यो अहिंसात्मक पहलकदमीमा साथ दिन उनले अपिल गरेका छन् ।

डा.केसीका तीनबुँदे माग

१. अवैधानिक रुपमा गरिएको प्रतिनिधिसभा विघटनको प्रयासबाट संविधानको रक्षा गरियोस् ।

२. अवैध रुपमा संवैधानिक निकायहरुमा गरिएका नियुक्ति रद्द गरियोस् ।

३. चिकित्सा शिक्षा र स्वास्थ्य क्षेत्र सुधारका लागि हामीसँग भएका सम्झौता कार्यान्वयन गरियोस् । चिकित्सा शिक्षालाई गैरनाफामूलक बनाउने, सबै सार्वजनिक शिक्षण संस्थामा पचहत्तर प्रतिशत छात्रवृत्ति कार्यान्वयन गराउनेलगायतका राष्ट्रिय चिकित्सा शिक्षा ऐनका प्रावधानहरुको कार्यान्वयन गरियोस् ।

# प्रतिगमनविरुद्ध महिला मोर्चा



काठमाडौं । मुलुकका विभिन्न ठाउँमा भएको महिला हिंसा एवं प्रतिगमनको विरुद्धमा काठमाडौंमा महिला मार्च गरिएको छ । विरोध र्‍यालीमा सरकारले महिला हिंसा रोक्न नसकेको, बलात्कार र हत्याका घटनाहरू नरोकिएको भन्दै आक्रोश पोखेका छन् ।

'प्रतिगमनविरुद्ध बृहत् नागरिक आन्दोलन' नामको ब्यानरमा प्रदर्शनमा उत्रिएका उनीहरूले महिला हिंसा बन्द गर्न, बलात्कारीलाई सजाय दिन, हत्यारा पहिचान गरी कारबाही गर्न माग गरेका छन् । मार्चमा सहभागीहरूले प्रतिकात्मक रूपमा शवयात्रा गरेका छन् । जसमा एकोहोरो शंख बजाउँदै प्रतिगमनको विरोध गरिएको थियो । टाउकोमा सेतो कपडा बेरेर सेतो धोती लगाएका केही युवाहरूले प्रतिकात्मक शवलाई बोकेर शवयात्रा गरेका थिए ।

आन्दोलनकारीले बलात्कार पछि हत्या गरिएका कञ्चनपुरकी निर्मला पन्त, बैतडीकी भागरथी भट्ट लगायतलाई न्यायको माग गरेका छन् । उनीहरूले दिनहुँ महिला एवं बालिकाहरू असुरक्षित रहँदा पनि सरकारले उनीहरूलाई न्याय दिन नसकेको भन्दै उनीहरूले आक्रोश पोखेका छन् ।

# खत्री नेपाल जेसीजको सल्लाहकारमा मनोनित

– **सन्दर्भ समाचारदाता**

भद्रपुर । दमक जेसीज बर्ष २०१८ का अध्यक्ष चन्द्र खत्री नेपाल जेसीजको सल्लाहकारमा मनोनित भएका छन् । दमक ८ निवासी युवा व्यक्तित्व खत्रीलाई नेपाल जेसीजले जेसीज अभियानमा कुशल नेतृत्व तथा सवल व्यक्तित्व विकासमा महत्वपूर्ण योगदान पुरयाएको तथा जेसीज अभियानलाई उच्च स्थानमा पुरयाँउन



समेत योगदानको अपेक्षा गरि विधान अनुसार सल्लाहकारमा मनोनित गरेको नेपाल जेसीजले जनाएको छ । नेपाल जेसीजले बर्षेनी जेसीज अभियानको क्रममा विशिष्ट योगदान पुरयाँउनेहरुको छनौट गरि एडभाइजर बोर्ड गठन गर्ने गरिआएको छ । नेपाल जेसीजका बर्ष २०२१ का अध्यक्ष अरुणेश्वर खनालले खत्रीलाई बोर्डमा मनोनित गरेको जनाईएको छ । बोर्डमा मनोनित भएपछि खत्रीले जेसीज अभियानलाई सार्थक उपलब्धि मूलक बनाउन आफूले काम गर्ने प्रतिवद्धता जनाएका छन् । खत्री जेसीजसंगै दमक उद्योग वाणिज्य संघका कार्यसमिति सदस्य ,दमक ८ स्थित एलाईड बोर्डिङ स्कुलका सञ्चालकतथा विभिन्न सामाजिक कार्यमा सक्रिय रहिआएका छन् ।

**इलामको...**

लास्तरीय वनभोज कार्यक्रमलाई निरन्तरता दिइएको युनियनका क्षेत्रीय अध्यक्ष विष्णु सुब्बाले वताएका छन् । युनियनले विभिन्न व्यक्ति,संघसंस्थाहरुको समन्वयमा तीन वर्षदेखि यसरीनै पारिवारिक वनभोज कार्यक्रम गरिआएको छ ।

सो अवसरमा आयोजित औपचारिक कार्यक्रममा युनियनका केन्द्रीय सदस्य तथा नेपाल पत्रकार महासंघ झापाका पूर्व अध्यक्ष गोविन्दचन्द्र क्षेत्रीको प्रमुख आतिथ्यतामा भएको वनभोजसहित भेटघाट कार्यक्रममा जिल्लाका पत्रकारजन्य संघसंगठनका नेतृत्वहरुले पत्रकारहरुको व्यवसायिक मुद्दासंगै देशको स्वाधिनताका पक्षमा एक जुट भएर अघि बढ्नु पर्ने खाँचो भएको औल्याएका थिए ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि अग्रज पत्रकार क्षेत्रीले लोकतन्त्रको रक्षाका लागि पत्रकारहरुको भूमिका महत्वपूर्ण हुने वताए । त्यस्तै नेपाल पत्रकार महासंघका जिल्ला अध्यक्ष तारामणि सापकोटा, महासंघका पूर्व जिल्ला अध्यक्ष कृष्ण हुमागाई, युनियनका जिल्ला अध्यक्ष इन्दु पुर्वेली, महासंघका जिल्ला उपाध्यक्ष एकराज गिरी,फोनिजका प्रदेश इन्चार्ज दिपीन राई, प्रेस संगठनका जिल्ला अध्यक्ष मुक्ति पौडेल, प्रेस संगठन जिल्ला संयोजक टिकाराम उप्रेती लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

बनभोज कार्यक्रमका संयोजक नगेन्द्रमणी न्यौपानेले स्वागत मन्तव्य राखेका सो कार्यक्रममा गौरादह नगरपालिकाका प्रमुख रोहितकुमार साह, गौरीगञ्ज गाउँपालिकाका उपाध्यक्ष दिपीन्द्र थापा,दमक उद्योग वाणिज्य संघका अध्यक्ष गोकुल श्रेष्ठ,गौरादह उदयोग वाणिज्य संघका पूर्व अध्यक्ष जीवन राई, नेपाली कांग्रेस दमकका सचिव प्रकाश प्रसाई, लोकतन्त्रवादी व्यवसायी संघ दमकका अध्यक्ष बबरजंग थापा, चलचित्रकर्मी चैतन्य वराल, सप्तरंगी एफएमका सञ्चालक राजकुमार भट्टराई, जिल्लाका पत्रकारहरुको उपस्थिति रहेको थियो ।

सोही अवसरमा, युनियनको सक्रियतामा झापा,कमल गाउँपालिका ६ का जिब्रो क्यान्सर रोगी राधादेवी साहलाई नगद ६ हजार ५ सय रुपैया उपलव्ध गराइएको थियो । युनियन सदस्य तथा सहभागिवाट संकलित रु ६ हजार ५ सय सहयोग पीडित परिवारलाई हस्तान्तरण गरिएको जिल्ला उपाध्यक्ष गिरीराज भट्टराईले वताए ।





